सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ माघ २०८१, मंगलबार (4 Feb 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २८९ ■ पृष्ठ १०   nayapatrikaofficial   @NAYA_PATRIKA   मूल्य रु. १०/-

आजदेखि लगाइँदै छ पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप

प्रधानमन्त्रीले काठमाडौंको शिवपुरी स्कुलबाट र मुख्यमन्त्रीहरूले सातै प्रदेशबाट बिहान ११ बजे गर्नेछन् खोपको शुभारम्भ

६ फागुनसम्म चल्ने अभियानमा १० देखि १४ वर्षका १६ लाख ८८ हजार बालिकालाई खोप लगाइने

खोपमा शंका गर्नुपर्दैन



● **डा. अभियान गौतम,** स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख

दिन लागिएको खोप विश्व स्वास्थ्य संगठनबाट मान्यताप्राप्त हो । विश्वका धनी र शक्तिशाली देशहरूले यही खोप सन् २००६ देखि प्रयोग गरिरहेका छन् । १४४ मुलुकमा यो खोप नियमित प्रयोग भइरहेको छ । अल्पविकसित देशहरूमा बल्ल यसको प्रयोग हुँदै छ । आर्थिक रूपमा कमजोर देशहरू अझै पनि यो खोपको पहुँचबाहिर छन्, कतिपयले अनुदान सहयोग मागेरै भए पनि प्रयोग गर्न थालेका छन् । खोप लगाउन आनाकानी र शंका गर्नुपर्दैन ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

१० देखि १४ वर्षका १६ लाख ८८ हजार ६८८ बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको ह्युमन पापिलोमा भाइरस (एचपिभी) खोप आज (मंगलबार)देखि लगाइँदै छ । प्रधानमन्त्री केपी ओलीले काठमाडौंको शिवपुरी स्कुलबाट र मुख्यमन्त्रीहरूले सातै प्रदेशबाट बिहान ११ बजे खोप अभियानको शुभारम्भ गर्नेछन् । हरेक विद्यालयमै गएर खोप दिइनेछ भने विद्यालय पहुँचबाहिर रहेका बालिकालाई लक्षित गरेर देशभर आठ हजार दुई सय खोप केन्द्र पनि तोकिएको छ ।

विश्व क्यान्सर दिवसको अवसर पारेर सञ्चालन गर्न लागिएको एचपिभी खोप अभियानको सबै तयारी पूरा भएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले नै खोप पूर्ण रूपमा सुरक्षित घोषणा गरेकाले कुनै शंका गर्नु नपर्ने उनको भनाइ छ ।

'यो पाठेघरको मुखको क्यान्सरबाट जोगाउने खोप हो, यसमा लक्षित समूहका कोही पनि बालिका छुट्नुहुँदैन, यसको एउटा खोप नै पूरा डोज मानिन्छ,' उनले भने, 'देशभरका सबै स्थानीय तह र विद्यालयहरूले तोकिएको समयावधिभित्र खोप अभियान सञ्चालन गर्नेछन् ।'

६ फागुनसम्म चल्ने खोप अभियानका लागि सातै प्रदेशका स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हुँदै स्थानीय तह र जिल्ला जनस्वास्थ्य कार्यालयहरूमा खोप पुगिसकेको छ । मंगलबार बिहानै सम्बन्धित खोप केन्द्रमा पुऱ्याइने मन्त्रालयले जनाएको छ । मन्त्रालयले भ्याक्सिन र खोपका

» पृष्ठ ९ मा क्रमशः

■ विद्यालयबाहिरका बालिकालाई अन्तिम दिन खोप लगाइने

एचपिभी खोप लगाउने लक्षित बालिका विद्यालयको पहुँचबाहिर पनि छन् । यस्ता बालिकालाई लक्षित गरेर देशभर आठ हजार दुई सय खोप केन्द्रमार्फत खोप लगाइनेछ । स्थानीय स्वास्थ्य चौकी, स्वास्थ्य संस्था, जिल्ला जनस्वास्थ्य कार्यालयलगायतमा यस्ता खोप केन्द्र तोकिएको छ । पालिकाभित्रका विद्यालयका बालिकालाई खोप लगाइसकेपछि मात्रै विद्यालयबाहिरका बालिकालाई खोप लगाइनेछ । तर, विद्यालयबाहिरका भए पनि सीमा क्षेत्र, औद्योगिक क्षेत्र र विभिन्न कलकारखानाका लक्षित बालिकालाई भने उनीहरूको कार्यक्षेत्रमै खोप केन्द्र राखेर विद्यालयमा खोप लगाउने अवधिभित्रै दिइनेछ । विद्यालयमा ६ फागुनसम्म खोप लगाउने योजना भए पनि एक-दुई दिन ढिलोचाँडो पनि हुन सक्ने मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार १० कक्षामा पढ्ने कतिपय बालिका १५ वर्ष उमेरका छन् भने वा कतिपय ११ मा पढ्ने १४ वर्षका भए पनि उनीहरूलाई पनि खोप दिइनेछ ।

■ स्वास्थ्य मन्त्रालय भन्छ–

- यो खोप विश्वका १४४ मुलुकमा नियमित प्रयोग भइरहेको छ । विश्व स्वास्थ्य संगठनले नै पूर्ण रूपमा सुरक्षित घोषणा गरेकाले खोपमा शंका गर्नुपर्दैन ।
- दिन लागिएको खोपको नाम 'सिकोलिन' हो, जुन चीनले उत्पादन गरेको हो ।
- नेपालमा पाठेघरको मुखको क्यान्सरबाट वार्षिक १३ सय १३ को ज्यान जान्छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अन्तरजातीय बिहे गर्ने दलित युवामाथि गृहमन्त्रीकै निर्देशनमा अत्याचार

सत्येन्द्र राम (चमार) र नेहा रौनियारले मन मिलेर प्रेमविवाह गरे, विवाह दर्ता पनि गरिसके, तर छुवाछुत घटनामा अनुसन्धान र कारबाही गर्ने प्रहरी नै नेहाका बुबा सुरेन्द्रको इसारामा उनीहरूलाई छुटाउन सक्रिय

● **मुरारी खरेल,** सचिव, राष्ट्रिय मानव अधिकार आयोग

घटनाको विषयमा आयोगले गम्भीरताका साथ अनुसन्धान गरिरहेको छ, अनुसन्धान सकिएपछि मात्र विस्तृत बताउँछौं ।

● **मोहना अन्सारी,** मानव अधिकारकर्मी

दलित भएकै आधारमा प्रहरीले सत्येन्द्रलाई बारम्बार पक्राउ गरी यातना दिएको देखिन्छ । राज्यले नै यसरी दमन गर्न थालेपछि मानव अधिकारको संरक्षण कसले गर्ने ? विवाह दर्ता भइसकेको अवस्थामा बालविवाहको मुद्दा दर्ता हुनु पनि अनौठो छ ।

गृहमन्त्री लेखक

आइजिपी कुँवर

एसएसपी भट्टराई

नवराज मैनाली/नयाँ पत्रिका

अन्तरजातीय विवाह गर्नेलाई प्रोत्साहन गर्ने सरकारको नीति छ । तर, व्यवहारमा ठिक उल्टो छ । सर्लाहीको बरहथवा नगरपालिका- ४ का सत्येन्द्रकुमार राम (चमार) र बरहथवा- ५ की नेहा रौनियारलाई अन्तरजातीय प्रेमविवाह गरेकै कारण ज्यादती गरिएको छ, त्यो पनि गृहमन्त्री र उच्च प्रहरी अधिकारीकै संलग्नतामा । विवाह दर्तासमेत गरिसकेका उनीहरूको सम्बन्ध तोड्न राज्य शक्तिको दुरुपयोग जारी छ ।

एउटा अदालतमा विवाह दर्ता भइसकेपछि अर्को अदालतमा बालविवाहको मुद्दा !

घुम्न मुम्बई पुगेका उनीहरूलाई प्रहरी टोली नै भारत पुगेर पक्राउ मात्रै गरेन, शक्तिको दुरुपयोग गरी सत्येन्द्रविरुद्ध बालविवाहको मुद्दा दायर गरिएको छ । यति मात्रै होइन, लागुऔषधदेखि मानव बेचबिखनसम्मको मुद्दामा फसाउने भन्दै धम्क्याएपछि उनले राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिएका छन् । त्यस्तै, सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिटसमेत दायर गरेका छन् । जसमा सर्वोच्चले आइतबार रिट जारी गरी नेहालाई सत्येन्द्रकै जिम्मा लगाएको छ । मानव अधिकार आयोगले भने अनुसन्धान गरिरहेको छ ।

» पृष्ठ ९ मा क्रमशः

शक्तिको दुरुपयोग गर्दै प्रेमिल जोडी पक्राउ गर्न भारतसम्म पठाइए प्रहरी

नेहाका बुबा सुरेन्द्र रौनियार कांग्रेसनिकट व्यापारी हुन् । उनको गृहमन्त्री रमेश लेखकसम्मै पहुँच छ । उनकै चाहनामा गृहमन्त्री लेखकले सत्येन्द्र र नेहाको अन्तरजातीय विवाहलाई तोड्न सघाउँदै आएको स्रोतको दाबी छ । प्रेमविवाहपछि २१ मंसिरमा घुम्न मुम्बई गएका उनीहरूलाई पक्राउ गर्न गृहमन्त्रीकै निर्देशनमा प्रहरीको एक टोली नेहाका बुबाकै खर्चमा उनीसँगै भारत पुगेको थियो । गृहमन्त्री लेखकको निर्देशनपछि महानिरीक्षक वसन्तबहादुर कुँवरले अपराध अनुसन्धान कार्यालयका तत्कालीन प्रमुख एसएसपी सानुराम भट्टराईलाई भनेर सत्येन्द्र र नेहालाई पक्राउ गरी ल्याउन टोली भारत पठाएको स्रोतको भनाइ छ । जबकि गम्भीर किसिमका मुद्दाका फरार अभियुक्तहरू पक्राउ गर्न मात्रै यसरी विशेष टोली विदेश पठाउने गरिन्छ । टोलीले सत्येन्द्र र नेहालाई मुम्बईबाट पक्राउ गरी दिल्लीसम्म ल्यायो । तर, दिल्लीबाट काठमाडौं ल्याउन लाग्दा विमानस्थलमा सत्येन्द्र र नेहा दुवैले आफूहरू विवाह गरेर आएको, छुटाउनकै लागि गैरकानुनी रूपमा पक्राउ गरिएको त्यहाँका सुरक्षाकर्मीलाई बताएपछि विमानस्थलमै हंगामा भएको थियो । पक्राउ गर्न गएको प्रहरी टोली आफूहरू नै समस्यामा पर्न सक्ने डरले उनीहरूलाई त्यहीँ छाडेर नेपाल आयो ।

सत्येन्द्र र नेहा दिल्लीबाट सडकबाटो हुँदै कपिलवस्तु पुगे । ३ पुसमा कपिलवस्तु जिल्ला अदालतमा 'कोर्ट म्यारिज' गरे । विवाहले कानुनी मान्यता पाउँदासमेत प्रहरीको ज्यादती रोकिएन । ललितपुरको टीकाथली बस्दै आएका उनीहरूलाई गत १६ पुसमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गऱ्यो । नेहालाई माइती पक्षको जिम्मा लगाइयो । सत्येन्द्रलाई बालविवाह मुद्दामा सर्लाही जिल्ला अदालतमा पेस गरियो । अदालतको आदेशमा उनी ३० हजार धरौटी बुझाएर १८ पुसमा छुटे । श्रीमतीलाई माइती पक्षले बन्धक बनाएपछि सत्येन्द्रले २२ पुसमा नेहाको तर्फबाट सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरे । जसमा सर्वोच्चले आइतबार रिट जारी गरी नेहालाई सत्येन्द्रकै जिम्मा लगाएको छ । जन्मदर्ताका आधारमा दुवैको विवाह गर्ने उमेर पुगेको अवस्थामा परिवारबाट छुटाउने प्रयास गलत भएको सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको इजलासको ठहर छ । अदालतले तीनपटक आदेश दिएपछि मात्र सुरेन्द्र रौनियारले आइतबार बल्ल अदालतमा छोरीलाई उपस्थित गराएका थिए ।

यति मात्रै होइन, लागुऔषधदेखि मानव बेचबिखनसम्मको मुद्दामा फसाउने भन्दै धम्क्याएपछि सत्येन्द्र राष्ट्रिय मानव अधिकार आयोगको दैलोमा पुगेका छन् । मुम्बई घुम्न गएका आफूहरूमाथि राज्यशक्तिको आडमा भएको ज्यादतीविरुद्ध उनले उजुरी दिएका छन् । आयोगले डिएसपीको नेतृत्वमा भारत गएका हवल्दार इन्द्र पोखरेलसँग बयानसमेत लिइसकेको छ । पोखरेलले आफू एसएसपी भट्टराईको आदेशमा भारत गएको बताएका छन् । घटनामा संलग्न अन्य प्रहरीलाई समेत आयोगले छानबिनमा बोलाएको छ ।

सरकारले डेढ महिनासम्म प्रमुख प्रशासकीय अधिकृत दिएन काठमाडौं महानगरलाई
४० करोडको भुक्तानी रोकियो

नयाँ पत्रिका

सरकारले रिक्त भएको डेढ महिनासम्म पनि काठमाडौं महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नपठाउँदा विभिन्न ठेक्काको भुक्तानीदेखि कर्मचारीको तलबसमेत रोकिएको छ । कानुनविपरीत काठमाडौं भ्यु टावरको नक्सापास गरेको आरोपमा प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं ७ पुसमा कारबाहीमा परेका थिए । तर, सामान्य प्रशासन मन्त्रालयले अहिलेसम्म पनि नयाँ प्रमुख प्रशासकीय अधिकृत नपठाएको हो ।

हाल महानगरपालिकाले नुरनिधि न्यौपानेलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत तोकेको छ । तर, निमित्तलाई आर्थिक अधिकार नहुँदा भुक्तानीका काममा प्रत्यक्ष असर परेको महानगरपालिकाले जनाएको छ । गुरागाईं

» पृष्ठ ९ मा क्रमशः

कर्मचारीको तलबसमेत रोकिएको छ



● **भूपदेव शाह,** बालेनका स्वकीय सचिव

हामीले पछिल्लोपटक सामान्य प्रशासन मन्त्रालयसँग दुईवटा माग राखेका थियौँ, एउटा नयाँ कार्यकारी पठाउन र अर्को निमित्तलाई आर्थिक अधिकार दिन । तर, यसबारेमा कुनै पनि प्रतिक्रिया आएको छैन । यता छानबिन समितिले पनि छानबिन सकाएको अवस्था छैन, यो अवस्थामा विभिन्न ठेक्काबापत संघसंस्थालाई ४० करोड भुक्तानी दिन सकिएको छैन, जुन तुरुन्त दिनुपर्ने रकम हो । रकम नदिँदा काम लगाउन अप्ठ्यारो हुने अवस्था आइसक्यो । कर्मचारीको तलबसमेत रोकिएको छ ।

मन्त्रिपरिषद्बाट पनि तत्काल पठाउने अवस्था छैन



● **कालीप्रसाद पराजुली,** प्रवक्ता, संघीय मामिला मन्त्रालय

महानगरपालिकाको आन्तरिक छानबिनमा के-के भइरहेको भन्ने थाहा छैन, अर्को कार्यकारी खटाइदिनु भनेर १२ दिनअघि नै चिठी आएको थियो, सरोज गुरागाईं सरको दरबन्दी अन्त नसारीकन त्यहाँ अरू पठाउन मिल्दैन । मन्त्रालयको सिफारिसमा यो निर्णय क्याबिनेटले गर्छ । तर, मन्त्रालयले क्याबिनेटलाई सिफारिस गरेको छैन । कानुनतः पनि मन्त्रिपरिषद्बाट तत्काल नयाँ कार्यकारी पठाउन सकिने अवस्था छैन ।

१५ महिनाअघिको जाजरकोट भूकम्पको विस्तृत क्षति मूल्यांकन प्रक्रिया बल्ल सुरु

(विस्तृत पृष्ठ ७)

कर्नर किक

● रवि मिश्र

ग्वार्को फ्लाई ओभर निर्माण एक महिनादेखि ठप्प

ठेक्का तोड्ने चेतावनीसहित निर्माण कम्पनीलाई सडक विभागको पत्र, डिजाइनअनुसार नबनेका केही संरचना पुनः निर्माण गर्नुपर्ने देखिएपछि काम रोकेर बस्यो निर्माणाधीन कम्पनी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

काठमाडौं उपत्यकाको चक्रपथअन्तर्गत ललितपुरस्थित ग्वार्को चोकमा निर्माणाधीन 'फ्लाई ओभर' परियोजनाको निर्माण कम्पनीले एक महिनादेखि काम छाडेर अलपत्र पारेको छ । निर्माण अवधि समाप्त भएपछि १० पुसयता हर्जना तिरेर कामलाई निरन्तरता दिने जिम्मा लिएको कम्पनीले काम भने अघि बढाएको छैन ।

स्रोतका अनुसार तोकिएको डिजाइनअनुसार नबनेका केही संरचना पुनः निर्माण गर्नुपर्ने देखिएपछि निर्माणाधीन कम्पनी काम छाडेर बसेको हो । अर्कोतर्फ ठेक्का तोड्ने चेतावनीसहित निर्माण कम्पनीलाई दुईपटक पत्र लेखेको सडक विभाग जवाफ कुरेर बसेको छ । मंगलबारसम्म कम्पनीले पत्रको जवाफ दिनुपर्ने समयसीमा छ ।

ठेकेदार कम्पनी आरसी, समानान्तर र रेलिग्रे जेभीले सडक विभागसँग इपिसी (इन्जिनियरिङ, प्रोक्युअमन्ट एन्ड कन्स्ट्रक्सन) मोडेलमा सम्झौता गरी निर्माणको जिम्मा लिएको थियो । ठेक्काको म्याद गत ९ पुसमै

» पृष्ठ ९ मा क्रमशः

ललितपुरस्थित ग्वार्को चोकमा निर्माणाधीन 'फ्लाई ओभर' । ९ पुस ०८१ सम्म अन्तिम मौकासहित म्याद थप गरिएको यो परियोजनाको समग्र भौतिक प्रगति ८२ र फ्लाई ओभरको मात्रै ९८ प्रतिशत प्रगति भएको छ । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

बेलायती राजकुमार आज काठमाडौं आउँदै

पर्शुराम काफ्ले/नयाँ पत्रिका

बेलायतका राजकुमार एडवार्ड र राजकुमारी सोफिया करिब एक साताको निजी भ्रमणमा मंगलबार नेपाल आउँदै छन् । आइतबारदेखि भारत भ्रमणमा रहेका राजकुमार एडवार्ड (दिल्लीबाट) र सोफिया (लन्डनबाट) फरक-फरक जहाजमा काठमाडौं अवतरण हुँदै छन् ।

हाल भारत भ्रमणमा रहेका एडवार्ड नयाँदिल्लीबाट काठमाडौं उत्रेलगत्तै मंगलबार नै राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता तय भएको छ । सोफिया लन्डनबाट काठमाडौं आएर श्रीमान् एडवार्डको कार्यक्रममा सहभागी हुने कूटनीतिक स्रोतले बताएको छ ।

राजकुमार एडवार्ड बेलायती रानी एलिजाबेथ द्वितीयाका कान्छा सन्तान अर्थात् वर्तमान राजा चार्ल्स तृतीयाका कान्छा भाइ हुन् । बेलायतको राजगद्दीको उत्तराधिकारीमध्ये उनी १५औँ नम्बरमा छन् । सन् २०२५ मा नेपाल भ्रमण गर्ने उनी पहिलो अतिविशिष्ट विदेशी पाहुना हुन् ।

काठमाडौंका विद्यालय र अस्पतालमा आयोजित कार्यक्रममा सहभागी भई उनी पोखरा भ्रमणमा जानेछन् । 'निजी भ्रमणमा राजकुमारदम्पतीको भ्रमण हुन लागेको हो । राष्ट्रपतिसँग शिष्टाचार भेटवार्ता गर्ने, सामाजिक कार्यक्रममा सहभागी हुने र पोखरा भ्रमणमा जाने उहाँहरूको कार्यक्रम तय भएको छ । ब्रिटिस गोर्खा सैनिकका परिवारसँग पनि भेटघाट हुन सक्छ,' भ्रमणबारे जानकार कूटनीतिक स्रोतले नयाँ पत्रिकासँग भन्यो ।

तर, परराष्ट्र मन्त्रालय उनको भ्रमणबारे केही बोलेको छैन । लन्डनस्थित नेपाली राजदूतावास स्रोतले सरकारसँगको समन्वयमा राजकुमार

» पृष्ठ ९ मा क्रमशः

■ **आइतबारदेखि भारत भ्रमणमा रहेका राजकुमार एडवार्ड (दिल्लीबाट) र सोफिया (लन्डनबाट) फरक-फरक जहाजमा काठमाडौं अवतरण हुँदै, राष्ट्रपतिसँग भेटवार्तादेखि पोखरा भ्रमणसम्मको कार्यतालिका**

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)
NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	रुपन्देही जिल्ला, धकधई गा.वि.स. वडा नं. ४ क (हाल रुपन्देही जिल्ला, रोहिणी गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १२३० को क्षेत्रफल ०-१०-९-० (विगाह) को घरजग्गा ।
२.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ३४० (व.मी) को घरजग्गा ।
३.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४, १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८, ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा ।
४.	झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल विर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमशः ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।
५.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/१ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं.४२९ को क्षेत्रफल ४-४-३-१ (रोपनी) को जग्गा ।
६.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७४, ७८ र ९२ को क्षेत्रफल क्रमशः ०-१५-२-०, २-८-०-० र०-१०-०-० (रोपनी) को जग्गा।
७.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६२, ६३ र २४८ को क्षेत्रफल क्रमशः ०-१३-२-०, १-७-०-० र १-८-२-० (रोपनी) को जग्गा।
८.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २९५, १९५, २०७, ३०५, २८८/३३१, २५२ र २५९ को क्षेत्रफल क्रमशः ६४.५५, ८५.००, ८४.६५, ८४.६५, ११८.५१, १३५.४४ र ३५९.७६ (व.मी) को घर/जग्गा ।
९.	चितवन जिल्ला, पंचकन्या गा.वि.स. वडा नं. ८ क (हाल रत्ननगर न.पा. वडा नं. १२) स्थित कित्ता नं. ३२६१, ३३५३, ४८९, ३३५१, ४८७, ३२५९, २७१, ४८८, ४९०, ३२५७ र ३२६५ को क्षेत्रफल क्रमशः ८६७.५४, ८०९.७४, ७६१.९१, १२५२.६८, ६७७.२६, १२१७.८१, ७२८.०५, ६७७.२६, ७६१.९१, ७८९.७५ र ७८७.३५ (व.मी) को जग्गा ।
१०.	काठमाण्डौं जिल्ला, का.म.न.पा. (डिल्लीबजार) वडा नं. १७ स्थित कित्ता नं. १०९ को क्षेत्रफल ३१८.१० (व.मि) को घरजग्गा ।
११.	सुनसरी जिल्ला, पकली गा.वि.स. वडा नं. ९ ग स्थित कित्ता नं. ४९० को क्षेत्रफल ०-०-१५-० (विगाह) को जग्गा ।
१२.	झापा जिल्ला, गरामनी गा.वि.स. वडा नं. ९ (हाल बिर्तामोड न.पा. वडा नं. १०) स्थित कित्ता नं. ४८४, ४८५, ५१७, ३४५ र ३५७ को क्षेत्रफल क्रमशः ७८८.४३, १५२४.००, ३०६.५०, २४९२.०० र ३९७७.३७ (व.मि) को जग्गा ।


तपसिल नं. १ मा उल्लेखित सम्पति


तपसिल नं. २ मा उल्लेखित सम्पति



तपसिल नं. ३ मा उल्लेखित सम्पति


तपसिल नं. ३ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map


तपसिल नं. ४ मा उल्लेखित सम्पति


तपसिल नं. ५ मा उल्लेखित सम्पति


तपसिल नं. ६ मा उल्लेखित सम्पति


तपसिल नं. ७ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map


तपसिल नं. ८ मा उल्लेखित सम्पति


तपसिल नं. ९ मा उल्लेखित सम्पति


तपसिल नं. १० मा उल्लेखित सम्पति


तपसिल नं. ११ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map




तपसिल नं. १० मा उल्लेखित सम्पति

तपसिल नं. ११ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map


तपसिल नं. १२ मा उल्लेखित सम्पति


तपसिल नं. १२ मा उल्लेखित सम्पति


तपसिल नं. १२ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ

सडक डिभिजन भरतपुर

चितवन

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/१०/२२

यस डिभिजनबाट मिति २०८१/०८/२० मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपसिलमा उल्लिखित खरिद कार्यको लागि विद्युतीय खरिद प्रणाली (e-GP system) मार्फत दाखिला हुन आएका बोलपत्रदाताहरुको आर्थिक प्रस्तावहरुको मुल्यांकन कार्य सम्पन्न गरी देहाय बमोजिम न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरु सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको उपदफा (२) तथा (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि. नं	खरिद नं	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम	कबोल अंक (Vat & PS)
1	RDBHT/ 33701169/ 081/82-34	upgrading of bharatpur mahanagarpalika wada no 28 ko swargadwari pulbata dakshintarphako bato auchane tole hundai andrauli shivalaya mandir chwok samma ko sadak	M/S Build Nepal Private Limited Bharatpur 28 Chitwan	74,99,872.15
2	RDBHT/ 337310113/ 081/82-35	road side maintenance works at aaptari (H05)-Devghat (f12601) & lothar-tikauli (gondrang) (NH01-034)	M/S Samrat Engineers Nirman Sewa Khairahani -03 Chitwan	91,99,084.75
3	RDBHT/ 33701138/ 081/82-36	STRUCTURAL ,drainage and safety works along khairenitar bhimad kawasoyi road from pangre (CH-20+000) TO Arkhala (CH28+500) Section,	M/S Nawa Gandhav Construction Pvt. Ltd Santinagar-31`Kathmandu	1,26,42,247.90
4	RDBHT/ 337310113/ 081/82-37	maintenance and upgrading of (i) Kunaghat srijana tol sadak devchuli na.pa-12 (ii) santulal ganesh mandir marg, devchuli na.pa 13	M/S Samrat Engineers Nirman Sewa Khairahani -03 Chitwan	42,50,993.38
5	RDBHT/ 33701169/ 081/82-38	upgrading works of bharatpur mahanagarpalika wada no 29 bhorle dekhi chaukidanda jodne sadak,	M/S Amalachuli Nirman Sewa Kalika-09 Chitwan	77,50,460.38

डिभिजन प्रमुख

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)
NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. १९६४ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा ।
२.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमशः १६९.३० र २४२९.६७ (व.मी) को जग्गा ।
३.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमशः०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
४.	मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ७ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ७) स्थित कित्ता नं. १००६५ को क्षेत्रफल ०-०-१६-० (विगाह) को जग्गा ।
५.	रौतहट जिल्ला, कनकपुर गा.वि.स वडा नं. १ (हाल गुजरा न.पा वडा नं. ५) स्थित कित्ता नं. ३०७३ को क्षेत्रफल ०-५-० (विगाह) को जग्गा ।
६.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
७.	कास्की जिल्ला, शिशुवा गा.वि.स. बडा नं. ५ स्थित कित्ता नं. ५६४२, ५६३८ र ५६४० को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-१४-३-१ र ०-३-०-३ (रोपनी) को जग्गा ।
८.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित कित्ता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमशः ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा ।
९.	सिरहा जिल्ला, हनुमान नगर गा.वि.स. वडा नं. २ (हाल धनगढीमाई न.पा. वडा नं. १) स्थित कित्ता नं. ५१७ र ५४५ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-५-११-० (विगाह) को जग्गा ।
१०.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०-०-१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०-१-१०.७५-० (विगाह) को जग्गा ।
११.	रुपन्देही जिल्ला, मानपकडी गा.वि.स. वडा नं. ३ (हाल सद्बोधन गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७ को क्षेत्रफल १३७५ (व.मि) को जग्गा ।
१२.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (विगाह) को जग्गा ।
१३.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा ।
१४.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा ।
१५.	रौतहट जिल्ला, बसन्तपट्टी गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६८७को क्षेत्रफल १०१५.८९ (व.मि.)को जग्गा ।
१६.	चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १६६ को क्षेत्रफल १-०-०-० (विगाह) को जग्गा।
१७.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा ।
१८.	भक्तपुर जिल्ला, ताथली गा.वि.स वडा नं.४ क (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा ।
१९.	मोरङ जिल्ला, हरैंचा गा.वि.स. वडा नं. ९ ग (हाल सुन्दरहरैंचा न.पा. वडा नं. १२) स्थित कित्ता नं. १०३७ र ३३४७ को क्षेत्रफल क्रमशः ०-०-८.७५-० र ०-०-१०-० (विगाह) को घरजग्गा ।
२०.	भक्तपुर जिल्ला, कटुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमशः २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा ।
२१.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा ।
२२.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा ।
२३.	बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा ।
२४.	जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा ।
२५.	रौतहट जिल्ला, चपुर गा.वि.स वडा नं. ५ स्थित कित्ता नं. ५४१३ को क्षेत्रफल ०-०-११-८ (विगाह) को जग्गा ।
२६.	रौतहट जिल्ला, रमौली गा.वि.स वडा नं. २/क स्थित कित्ता नं. १९४ को क्षेत्रफल १-६-०-० (विगाह) को जग्गा ।
२७.	बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. २ (हाल पचतौरा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
२८.	रौतहट जिल्ला, रमौली गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।
२९.	रौतहट जिल्ला, रमौली वैरिया गा.वि.स. वडा नं. २ क (हाल वृन्दावन न.पा. वडा नं. १) स्थित कित्ता नं. २८८ को क्षेत्रफल ०-३-०-० (विगाहा) को जग्गा ।
३०.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा ।
३१.	सिरहा जिल्ला, बस्तीपुर गा.वि.स. वडा नं. ४/क (हाल लहान न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४८, ३२८, ३५४, ३६२, ३२९ र ११८ को क्षेत्रफल क्रमशः ०-२-७-०, ०-८-२-०, ०-६-५-०, ०-२-९-०, ०-८-२-० र ०-७-९-० (विगाह) को जग्गा ।
३२.	तनहुँ जिल्ला, मैवल गा.वि.स. वडा नं. ३ (हाल व्यास न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४१, ४२, ७९, १७९ र ८२ को क्षेत्रफल क्रमशः १-८-२-०, ५-१३-०-२, २-१२-०-०, २-४-०-१ र २-२-०-० (रोपनी) को जग्गा ।
३३.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २००७ को क्षेत्रफल ९३.१३ (व.मि.) को घरजग्गा ।
३४.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २९९८ को क्षेत्रफल ९३.१३ (व.मि.) को जग्गा ।
३५.	सुर्खेत जिल्ला, लाटीकोईली गा.वि.स. वडा नं. ४ख स्थित कित्ता नं. ७७७ को क्षेत्रफल १०१५.८० (व.मि.) को जग्गा ।
३६.	सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. २६५४ को क्षेत्रफल ९० (व.मि.) को घरजग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

■ युवा पुस्ता पनि क्यान्सरको जोखिममा

नेपालमा हरेक वर्ष थपिन्छन् क्यान्सरका २० हजार नयाँ बिरामी

■ कहाँ–कहाँ हुन्छ क्यान्सरको उपचार ?

हाल नेपालमा क्यान्सरका डेडिकेटेड सरकारी अस्पताल तीनवटा मात्रै छन् । जसमा भक्तपुर क्यान्सर अस्पताल, भरतपुर बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र नेपालगन्जस्थित सुशील कोइराला क्यान्सर अस्पताल पर्छन् । यसबाहेक वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन अस्पताल, धरानस्थित बिपी कोइराला अस्पताल, कान्ति बाल अस्पताललगायतमा पनि क्यान्सरको केही हदसम्म उपचार हुने गरेको छ । तर, बिरामीको संख्या हेर्दा क्यान्सर उपचारको संरचना कम भएको डा.उज्ज्वल चालिसेले बताए । उनका अनुसार क्यान्सर हुनेमध्ये कतिपय भारत र निजी अस्पतालमा पनि जाने गरेका छन् ।

■ **डा. उज्ज्वल चालिसे,** प्रमुख, भक्तपुर क्यान्सर अस्पताल

क्यान्सरका चार चरण हुन्छन्, सुरुको चरणमा पत्ता लागे अधिकांश उपचार सम्भव हुन्छ । पहिलो चरणको क्यान्सर ९० प्रतिशत, दोस्रो चरणको ७० प्रतिशत, तेस्रो चरणको ५० प्रतिशत र चौथो चरणको क्यान्सर १५ प्रतिशत मात्रै निको हुन्छ । हामीकहाँ आउनेमध्ये तेस्रो र चौथो चरणका बढी छन् ।

■ **डा. प्रकाश बुढाथोकी,** प्रवक्ता, स्वास्थ्य मन्त्रालय

नेपालमा हरेक वर्ष २० हजारमा क्यान्सर पहिचान हुन्छ, यो भयावह अवस्था हो, तर यसको नियन्त्रणमा राज्य मात्रै लागेर हुँदैन, आमनागरिक पनि यसतर्फ बढी सचेत हुनुपर्छ । अहिले सचेत नहुने हो भने अझ भयावह हुन्छ, युवाहरूमा पनि क्यान्सरदर डरलाग्दो अवस्थामा छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा युवा पुस्तामा पनि क्यान्सरको जोखिम बढेको छ । क्यान्सर उपचार गराउने विशिष्टीकृत सरकारी अस्पतालहरूमा उपचार गराउन आउने बिरामीमध्ये युवा अनुहार पनि देखिएपछि चिन्ता गर्नुपर्ने अवस्था आएको हो ।

कम उमेर समूहकालाई पनि क्यान्सर देखिँदा त्यसले भविष्यमा ठुलो असर पार्ने भन्दै सचेत हुन चिकित्सकहरूले चेतावनी दिएका छन् । भक्तपुर क्यान्सर अस्पतालका प्रमुख डा. उज्ज्वल चालिसेले पछिल्लो समय युवावर्गमा समेत क्यान्सरदर बढ्दै गइरहेकाले यसको उपचारमा चुनौती थपिएको बताए । उनका अनुसार भक्तपुर क्यान्सर अस्पतालमा उपचार गराउन आउनेमध्ये फोक्सो, स्तन, पाठेघर, ठुलो आन्द्रालगायत क्यान्सरका बिरामी बढी हुन्छन् । पछिल्लो समय २५-३० वर्षका महिलामा स्तन क्यान्सर बढ्दै गइरहेको उनको भनाइ छ ।

'क्यान्सरका चार चरण हुन्छन्, सुरुको चरणमा पत्ता लागे अधिकांश उपचार सम्भव हुन्छ । पहिलो चरणको क्यान्सर ९० प्रतिशत, दोस्रो चरणको ७० प्रतिशत, तेस्रो चरणको ५० प्रतिशत र चौथो चरणको क्यान्सर १५ प्रतिशत मात्रै निको हुन्छ,' डा. चालिसेले भने, 'हामीकहाँ आउनेमध्ये तेस्रो र चौथो चरणका बढी छन्, त्यसैले नतिजा राम्रो आउँदैन, निको पनि हुँदैन, ढिलो आएपछि उपचार पनि कठिन र मृत्युदर बढी देखिएको छ ।' उनका अनुसार तुलनात्मक रूपमा हेर्दा पहिलेभन्दा अहिले सचेतना बढेका कारण सुरुवाती चरणमा पनि आउने बिरामीको संख्या बढ्दो देखिन्छ । हाल भक्तपुर अस्पतालमा पहिलो चरणका १० प्रतिशत, दोस्रो चरणका २० प्रतिशत, तेस्रो चरणका ४० प्रतिशत र बाँकी चौथो चरणका बिरामी उपचार गर्न आउँछन् ।

पाठेघरको क्यान्सरसम्बन्धी विज्ञ डा. सरिता घिमिरेले नेपालमा क्यान्सर भयावह भइरहेको बताउँदै यसबारे सचेत हुने वेला आएको बताइन् । 'क्यान्सर अत्यधिक फैलँदो छ, युवावर्गमा पनि यो बढ्दो देखिन्छ । त्यसैले हाम्रो खानपानदेखि हरेक कुरामा आफूलाई सुधार्न जरुरी छ,' उनले भनिन्, 'महिलाहरूमा मृत्युको मुख्य कारण पाठेघरको क्यान्सर बनिरहेको छ ।'

नेपालमा हरेक वर्ष क्यान्सरका २० हजार नयाँ बिरामी पहिचान हुने गरेका छन् । स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार हरेक वर्ष २० हजार मानिसलाई क्यान्सर रोग देखिने गरेको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले ग्लोवो कोम नामक संस्थाले सन् २०२० मा गरेको अध्ययनअनुसार नेपालमा हरेक वर्ष औसतमा २० हजारजनामा क्यान्सर पहिचान हुने गरेको देखाएको बताए । यो तथ्यांकलाई आधिकारिक मानेर मन्त्रालयले रणनीति बनाएर काम गरिरहेको उनको भनाइ छ । 'नेपालमा हरेक वर्ष २० हजारमा क्यान्सर पहिचान हुन्छ, यो भयावह अवस्था हो, तर यसको नियन्त्रणमा राज्य मात्रै लागेर हुँदैन, आमनागरिक पनि यसतर्फ बढी सचेत हुनुपर्छ,' उनले भने, 'अहिले सचेत नहुने हो भने अझ भयावह हुन्छ, युवाहरूमा पनि क्यान्सरदर डरलाग्दो अवस्थामा छ ।'

विश्व क्यान्सर दिवसको अवसरमा मंगलबार 'पृथक्तामा एकता क्यान्सर भोगाइका कथाहरू' नारासहित नेपालमा

पनि क्यान्सर दिवस मनाइँदै छ । स्वास्थ्य मन्त्रालयले सोही दिवसका अवसरमा बालिकालाई एचपिभी खोप अभियानसमेत आजदेखि सुरु गर्दै छ । तर, यतिले मात्रै क्यान्सर नियन्त्रण गर्न पर्याप्त नहुने बुढाथोकीले बताए । विगतका वर्षमा मन्त्रालयले विश्व क्यान्सर दिवसको अवसरमा सचेतना जगाउने कार्यक्रम मात्रै गरे पनि यसपटक भने खोप अभियान नै सञ्चालन गर्दै छ ।

मन्त्रालयको तथ्यांकअनुसार नेपालमा वार्षिक १६ हजार ६ सयको मृत्यु क्यान्सरकै कारण हुन्छ । सबैभन्दा बढी क्यान्सर मुख, फोक्सो, पाठेघर, स्तन, पेट र आन्द्राको छ भने बालबालिकामा रगत र आँखाको क्यान्सर बढी छ ।

क्यान्सरविज्ञका अनुसार संक्रमणले हुने क्यान्सर खोपले रोकथाम गर्न सकिन्छ । नसर्ने क्यान्सर नियन्त्रण गर्न जीवनशैली नै परिवर्तन गर्न जरुरी देखिन्छ ।

नेपालमा क्यान्सर उपचारलाई सहज बनाउन यसपटक ३५ भन्दा बढी प्रकारका किमोथेरापीसम्बन्धी ओषधि ल्याइँदै छ । अमेरिकाको सेन्ट जुड संस्थाको सहयोगमा माघको अन्तिमसम्म ती औषधि नेपाल ल्याउन लागिएको हो । यसबाहेक क्यान्सर रोगका बिरामीलाई सहजीकरण गर्न मन्त्रालयले १४ मंसिरबाट १४ वर्षमुनिका बालबालिकालाई क्यान्सरको उपचार निःशुल्क गर्ने निर्णयसमेत गरेको थियो । हाल वयस्क उमेरका व्यक्तिलाई पनि निःशुल्क औषधि उपलब्ध गराउन मन्त्रालयले अध्ययन गरिरहेको प्रवक्ता बुढाथोकीले बताए । 'हाल क्यान्सर नियन्त्रण गर्न ७७ वटै जिल्लाका स्वास्थ्यकर्मीलाई पेन प्याकेज तालिम चलिरहेको छ । क्यान्सरको मुख्य कारक सुर्तीजन्य पदार्थ भएकाले यसको नियन्त्रण अभियान चलिरहेको छ,' उनले भने, 'तर यो पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन, अब मुखको क्यान्सर र स्तन क्यान्सरका लागि स्क्लिनिङ टेस्ट अभियान पनि सुरु भएको छ, राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति सन् २०२४-२०३० जारी भएको छ, यसले क्यान्सर नियन्त्रणमा ठुलो भूमिका खेल्नेछ ।'

■ एक वर्षमा एक अर्ब ११ करोड सहयोग

संसारभर क्यान्सर उपचार निकै महँगो मानिन्छ । विपन्न नागरिकका लागि यो पहुँचबाहिर जस्तै भएकाले सरकार तथा विभिन्न संघसंस्थाले आर्थिक सहयोग गर्दै आइरहेका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार मन्त्रालयको विपन्न नागरिक औषधिउपचार कोषबाट एक लाख र प्रदेशले पनि ५० हजारदेखि दुई लाख रुपैयाँसम्म अनुदान दिने गरिएको छ । गत आर्थिक वर्षमा केन्द्र सरकारबाट सहयोगस्वरूप एक अर्ब ११ करोडभन्दा बढी खर्च भएको छ । हाल क्यान्सरका बिरामीको तथ्यांक एकीकृत गर्न विद्युतीय माध्यमबाट तथ्यांक एकीकृत गर्ने कार्य पनि सुरु भएको छ । भक्तपुर क्यान्सर अस्पतालका प्रमुख डा. उज्ज्वल चालिसेका अनुसार क्यान्सरको उपचार गर्न सरकारी अस्पतालमा आएका अधिकांश बिरामी आर्थिक अवस्थामा निकै दयनीय भएकाहरू छन् ।

पाथीभरा केबलकार विरोध काठमाडौं आइपुग्यो

वार्ता विनानिष्कर्ष टुंगियो, आज पुनः बस्ने

■ **प्रेमप्रसाद भट्टराई,** सहसचिव, गृह मन्त्रालय

उहाँहरूले केबलकार निर्माण कार्य रोक्न, काफ्लेपाटीबाट सुरक्षाकर्मी फिर्ता गर्न प्रस्ताव गर्नुभयो । हामीले जारी निर्माण कार्य रोक्न नसकिने, बरु बाँकी कामका विषयमा थप छलफल गर्ने भन्यौँ । प्रहरीको नियन्त्रणमा रहेका 'नो केबलकार' पक्षधर कार्यकर्ता रिहाइलगायतका विषयमा हामी सकारात्मक छौँ ।

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**
काठमाडौंमा **टेकराज थामी**

धार्मिकस्थल ताप्लेजुङको पाथीभरा मन्दिरलाई केबलकारले जोड्न नहुने भन्दै स्थानीयले थालेको आन्दोलन काठमाडौंसम्म पुगेको छ । ताप्लेजुङको फुङलिङमा १२ माघमा सुरु भएको आन्दोलन कोशी प्रदेशका नौ जिल्ला हुँदै सोमबार माइतीघर मण्डलामा पुगेको हो । 'नो केबलकार' समूहले माइतीघर मण्डलामा सोमबार दिनभर विरोध प्रदर्शन गरे ।

उनीहरूसँग वार्ता गर्न सरकारले आइतबार नै गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा वार्ता समिति गठन गरेको थियो । आन्दोलनरत पक्षले पनि प्राज्ञ अम्बर तुम्याहाङको संयोजकत्वमा वार्ता टोली गठन गरेपछि सोमबारै वार्ता पनि भयो । तर, उक्त वार्ता विनानिष्कर्ष टुंगिएको छ । आन्दोलनमा उत्रिएकाहरूले पाथीभरामा कुनै हालतमा केबलकार निर्माण गर्न नहुने भन्दै आएका छन् भने सरकार जसरी पनि बनाई छाड्ने मनस्थितिमा छ । मंगलबार बिहान ११ बजे पुनः बस्ने गरी वार्ता टुंगिएको तुम्याहाङले बताए ।

'पाथीभरा हाम्रो पवित्र धार्मिकस्थल हो । जसलाई लिम्बू मुन्धुमअनुसार मुक्कुमलुङ भनिन्छ । यो ठाउँमा व्यापार गर्ने उद्देश्यले केबलकार निर्माण प्रक्रिया अघि बढेको छ । यो हाम्रो धार्मिक आस्थाविरुद्धको कदम हो । जसको हामी विरोधमा छौँ,' उनले भने, 'हाम्रो 'बटम लाइन' केबलकार निर्माण प्रक्रिया स्थगित हो । तर, सरकार मानिरहेको छैन । त्यसो हुँदा वार्ता सफल हुन सकिरहेको छैन ।'

सरकारी टोलीका संयोजक भट्टराईले वार्ता सकारात्मक भएको र मंगलबार बिहान थप छलफल हुने बताए । 'उहाँहरूले केबलकार निर्माण कार्य रोक्न, काफ्लेपाटीबाट सुरक्षाकर्मी फिर्ता गर्न प्रस्ताव गर्नुभयो । हामीले जारी निर्माण कार्य रोक्न नसकिने, बरु बाँकी कामका विषयमा थप छलफल गर्ने भन्यौँ,' उनले भने, 'प्रहरीको नियन्त्रणमा रहेका 'नो केबलकार' पक्षधर कार्यकर्ता रिहाइलगायतका विषयमा हामी सकारात्मक छौँ ।'

मुक्कुमलुङ किराँती सभ्यताको पवित्र धार्मिकस्थल हो । जहाँ अहिले केबलकार निर्माण प्रक्रिया अघि बढिरहेको छ । आन्दोलनरत पक्षले आइतबार र सोमबार कोशी प्रदेशका नौ जिल्ला बन्द गरे । वार्ता सफल नभएसम्म अब काठमाडौं र कोशी प्रदेश दुवै ठाउँ आन्दोलन जारी रहने आन्दोलनरत समूहको वार्ता टोली संयोजक तुम्याहाङले बताए ।

उनले भने, 'सरकार जबर्जस्ती उत्रिएको छ । हामीले उठाएका मागलाई प्रहरीमार्फत दबाइरहेको छ । हाम्रा साथीहरू घाइते भएका छन् । धरपकड गरिएका छन् । त्यसको विरोधमा हामीले आइतबारबाट कोशी प्रदेश बन्द गरेका छौँ । अब आन्दोलन काठमाडौंमा पनि जारी रहनेछ । वार्ता सफल नभएसम्म हामी आन्दोलनको मोर्चाबाट पछि हट्नेवाला छैनौँ ।'

१२ माघमा 'नो केबलकार' समूह र प्रहरीबिच भएको झडपमा प्रदर्शनकारी घाइते भएपछि पहिचानवादीहरूले ताप्लेजुङमा निरन्तर विरोध गर्दै आएका थिए । तीन घाइतेको अहिले पनि काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ । प्रदर्शनकारीले १५ माघदेखि ताप्लेजुङ प्रवेश गर्ने मेची राजमार्ग र तमोर करिडोरमा यातायातका साधन बन्द गर्दै आएका छन् । पाँच दिनको अल्टिमेटम दिँदा पनि सरकारले बेवास्ता गरेको भन्दै आइतबार र सोमबार उनीहरूले नौ जिल्ला नै बन्दको घोषणा गरेका हुन् ।

संघीयता कार्यान्वयनका लागि समयमै कानुन नल्याएकोमा राष्ट्रिय सभा अध्यक्ष असन्तुष्ट

काठमाडौं/ राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणमा दलहरू गम्भीर नभएकोमा असन्तुष्टि जनाएका छन् । संघीयतालाई कार्यान्वयन गर्ने सवालमा दलहरू, सरकार, सदन आफ्नो जिम्मेवारीमा गम्भीरतापूर्वक नलाग्दा प्रश्न उठिरहेको उनको भनाइ छ ।

'अहिले जनस्तरमा अलि बढी संघीयताप्रति नकारात्मक धारणा बनिरहेको देखिन्छ । संघीयता आफैँमा गलत हो, संघीयताका सिद्धान्त आफैँमा गलत छन् भन्ने कुरा धेरै पाउँदिनँ । तर, हामीले ल्याएको संघीयता कार्यान्वयनको प्रश्न छ । कार्यान्वयनका निम्ति हुने हरेक गतिविधि मुख्यतः ऐन, कानुन निर्माणको सवालमा हामी आफैँ कहीँ न कहीँ असन्तुष्ट छौँ,' राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले तयार पारेको 'सरोकार दर्पण' पुस्तकको सोमबार लोकार्पण गर्दै दाहालले भने । कार्यान्वयनको चरणमा ऐन कानुनहरू समयमै पूरा ल्याउन आफैँतिर फर्केर सबैले समीक्षा गर्न जरुरी रहेको उनको भनाइ थियो । 'संघीयता आफैँमा गलत होइन । हामीले नै समयमा ऐन कानुन र सेवा दिन सकेनौँ । समयमा डेलिभरी पुऱ्याउन सकेनौँ । यो दिशातिर सबै गम्भीर भएर लागौँ,' उनले भने । राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संविधान र संघीयता कार्यान्वयनका नभई नहुने ३९ वटा कानुन बनाउन १९ महिनाअघि नै प्रतिवेदनसहित सरकारलाई निर्देशन दिएको थियो ।

तर, अहिलेसम्म संघीय निजामती र विद्यालय शिक्षा ऐन दफाबार छलफलको चरणमा छ । प्रहरी ऐन भर्खरै दर्ता भएको अवस्था छ । राष्ट्रिय सभा अध्यक्ष दाहालले विगतमै संघीयता कार्यान्वयनसम्बन्धी ऐन ल्याउन सभाबाट निर्देशन गरिएको सन्दर्भमा राजनीतिक नेतृत्व र सरकारको ध्यानाकर्षण गराए । उनले राष्ट्रिय सभाका चारवटै विषयगत समितिले गम्भीरतापूर्वक काम गरिरहेको, समयमै विधेयकको छलफल सकाउने, जनसरोकारका मुद्दा टुंग्याउने गरिरहेको पनि सुनाए ।

सात महिनामा तीन अर्बको अनलाइन जुवा

प्रतिमहिना एक लाख ९० हजारमा सानेपामा लिइएको थियो दुईवटा घर भाडामा

काठमाडौं/ 'बेटिङ एप्लिकेसन' प्रयोग गरी विश्वभर सट्टेबाज खेलाउने धन्दामा संलग्न हुनेहरूले प्रतिमहिना एक लाख ९० हजार रुपैयाँ तिरेर ललितपुरको सानेपास्थित दुईवटा घर भाडामा लिएको खुलेको छ । प्रहरीका अनुसार उनीहरूले सात महिनाअघि आगामी तीन वर्षका लागि उक्त घर भाडामा लिएका थिए । भाडा सम्झौता प्युठानको प्युठान नगरपालिका- २ खाखाक्वाडीका ३४ वर्षीय हरिबहादुर जिसीले गरेका थिए । उनकै कमान्डमा सो घरबाट सात महिनादेखि एपमार्फत सट्टेबाज हुँदै आएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्यले बताए ।

'उनीहरूले सात महिनाअघि नै तीन वर्षसम्मका लागि दुईवटा घर भाडामा लिएको देखिन्छ । घरबेटीसँगको सम्झौतापत्रमा हरिबहादुर जिसीको हस्ताक्षर छ । उनीहरूले सात महिनादेखि नै अनलाइनमार्फत जुवा खेलाउँदै आएका थिए । धन्दा आगामी दिनमा पनि सञ्चालन गर्ने योजना रहेको देखिन्छ,' उनले भने । प्रहरीका अनुसार सट्टेबाज धन्दामा संलग्न १३ नेपाली युवालाई जिसीले नै जम्मा गरेका थिए । प्रतिमहिना

■ **एसपी काजीकुमार आचार्य,** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय

सात महिनाअघि नै तीन वर्षसम्मका लागि दुईवटा घर भाडामा लिएको देखिन्छ । घरबेटीसँगको सम्झौतापत्रमा हरिबहादुर जिसीको हस्ताक्षर छ । उनीहरूले सात महिनादेखि नै अनलाइनमार्फत जुवा खेलाउँदै आएका थिए । धन्दा आगामी दिनमा पनि सञ्चालन गर्ने योजना रहेको देखिन्छ ।

२० हजार रुपैयाँ दिने प्रलोभनपछि युवाहरू उनको पछि लागेका थिए । पक्राउ परेका बाँकी १० भारतीय युवा भने धन्दाका मुख्य योजनाकारले पठाएका थिए । जो अहिले भारतमै लुकेर बसिरहेका छन् । जिसीले उनीसँग दुबईमा हुँदा सम्पर्क बढाएका थिए । एपमार्फत सट्टेबाज गर्न सकिने 'आइडिया' पनि उनैसँग सिकेका थिए । उनकै निर्देशनअनुसार धन्दा सञ्चालन गर्न जिसी नेपाल आएको प्रहरीको भनाइ छ ।

'धन्दाको अपरेट भारतबाट हुन्छ । जसको सञ्चालन भारतीय नागरिक नै छन् । योसँग जिसीको सम्पर्क दुबई छँदा भएकोरहेछ । जुनवेला जिसी वैदेशिक रोजगारका क्रममा दुबई थिए । जिसीले धन्दा उनैसँग सिके र नेपाल आए । उनैको योजनाअनुसार नेपालमा धन्दा सञ्चालन गरे,' अनुसन्धान कार्यालयका प्रमुख एसएसपी रमेशकुमार बस्नेतले भने ।

सट्टेबाज गर्न भाडामा लिइएको घर सुविधासम्पन्न छ । धन्दामा प्रयोग गरिएका युवालाई एकपटक घर प्रवेश गरेपछि बाहिर निस्कन बन्देज गरिएका थिए । खाने, बस्ने र आराम गर्ने सुविधाको प्रबन्ध कोठाभित्रै थिए । आवश्यक परेको सामग्री उनीहरू अनलाइनमार्फत घरभित्रै मगाउँथे । घरको गेट २४सै घण्टा बन्द गरिन्थ्यो । सट्टेबाज खेलमा संलग्न खेलाडीको सूची अनलाइनमार्फत नै आउँथ्यो । हार र जितको नतिजा पनि अनलाइनमार्फत नै हुन्थ्यो ।

प्रहरीले गत १९ माघमा ललितपुरको सानेपाबाट १० भारतीय नागरिकसहित २४ युवालाई पक्राउ गरेको थियो । सोही क्रममा ५७ मोवाइल, १३ ल्यापटप, ८८ सिमकार्ड, चेकबुक, एटिएमलगायतका सामग्री पनि बरामद भएका थिए ।

नेपालमा यौन व्यवसायमा लगाउने युगान्डाकी महिलालाई १० वर्ष कैद

शिल्पा कर्ण/नयाँ पत्रिका

विदेशीहरू नेपालमा वेश्यावृत्तिका लागि आउनु चिन्ताजनक रहेको जिल्ला अदालत काठमाडौंले जनाएको छ । मानव बेचबिखन (वेश्यावृत्तिमा लगाएको) मुद्दामा जिल्ला न्यायाधीश कृष्णप्रसाद शर्मा नेपालको इजलासले यसप्रकारको कार्य हुनु चिन्ताजनक रहेको उल्लेख गरेको छ ।

युगान्डाकी एक महिलालाई नेपालमा ल्याई वेश्यावृत्ति गर्न लगाइएको तथा उनीसँगै उक्त देशका अन्यलाई पनि ल्याइएको विषयमा अदालतले यस्तो फैसला गरेको हो । वेश्यावृत्तिलाई मानव बेचबिखन मानिने नेपालमा खुला रूपमा विदेशी वेश्यावृत्तिका लागि आउनु तथा ल्याइनुले नेपाल वेश्यावृत्तिका लागि सहज भएको सन्देश विदेशमा जाने न्यायाधीश नेपालले फैसलामा उल्लेख गरेका छन् ।

> काठमाडौं जिल्ला अदालतले भन्यो- नेपालमा विदेशीहरू वेश्यावृत्तिका लागि आउनु चिन्ताको विषय

'नेपालको विद्यमान कानुन र व्यवहारमा देखिएको यसप्रकारको पार्थक्यताबाट अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रिय ख्यातिको प्रवर्द्धनमा देखा पर्न सक्ने नकारात्मक प्रभाव ठूलो चासो र चिन्ताको विषय हो । यस्ता कार्यलाई निरुत्साहित गर्दै कानुनको पालनामा सम्बन्धित सबै प्रतिबद्ध पनि हुनु अत्यावश्यक पनि छ,' फैसलामा भनिएको छ । विदेशी नागरिकलाई जबर्जस्ती वेश्यावृत्तिमा लगाइएको यो घटना प्रहरीसम्म पहिलोपटक पुगेको हो ।

जिल्ला अदालतले मानव बेचबिखन (वेश्यावृत्तिमा लगाएको) मुद्दामा कसुरदार ठहर गर्दै युगान्डाकी नतासा भनिने इम्माकुलेट नाबासुम्बालाई १० वर्ष कैद र ५० हजार रुपैयाँ जरिवानाको सजाय सुनाएको हो । साथै, पीडित युवतीलाई भने ८० हजार क्षतिपूर्ति भराउनसमेत आदेश भएको छ । नतासा १५ फागुन ०७९ मा पक्राउ परी सोही दिनदेखि थुनामा छिन् ।

प्रहरीका अनुसार पीडित युवतीको घरमा सातजना थिए, जसको पालनपोषण उनैले गर्नुपर्थ्यो । राजधानी काम्पालाको मोबाइल पसलमा काम गरिरहेको वेला एक महिलाले दुबई, नेपाल र श्रीलंकाजस्ता देशमा काम लगाइदिने र मासिक पाँच सय डलर कमाइ हुने आश्वासन दिइन् । सैलुन, क्लिनर, वेट्रेसजस्ता जागिर गर्नुपर्ने भनेपछि ती युवती नेपाल आउन तयार भएकी थिइन् । सुरुमा नतासाले नै खर्च गरिदिने, तर कमाएपछि तिर्नुपर्ने प्रलोभन देखाई उनले ती युवतीलाई नेपाल पठाएकी थिइन् ।

नेपालमा आफ्नी बहिनी नतासालाई भेट्न भनेर दुबई हुँदै २८ जनवरी २०२३ मा युवती नेपाल आएकी थिइन् । ठमेलस्थित होटेल जर्नीमा नतासालाई भेटेपछि मात्र उनले आफूलाई वेश्यावृत्तिमा लगाउन ल्याइएको थाहा पाइन् । नतासाले आफूले नेपालबारे धेरै कुरा जानेको, चिनजान भएको र भनेको नमानेमा मारिदिने धम्की दिने गरेकी थिइन् ।

युवतीले प्रहरीलाई बताएअनुसार बिरामी हुँदा औषधिसमेत नदिई दिनहुँ पाँचदेखि सातजनासँग शारीरिक सम्बन्ध राख्न उनलाई बाध्य बनाइने गरेको थियो । पैसा पनि नदिने र उपचार पनि नगराइदिने तथा आफू बसेको होटेल र अन्य होटेलमा गई ग्राहकहरूसँग पठाउने गरेको बयान युवतीले प्रहरीमा दिएकी थिइन् । युगान्डाकै दुई र नेपाली युवतीलाई समेत होटेलमा उनले राखेको प्रहरीलाई बताएकी थिइन् । यद्यपि, अदालतमा भने पीडितले इन्कारी बयान दिँदै आफ्नो परिवारको सुरक्षा गरिदिन आग्रह गरेकी थिइन् ।

आफूले अब काम गर्न सक्दिनँ भनी उपचार माग गरेकोमा आफूलाई निकालिदिएको उनको भनाइ थियो । शिक्षण अस्पतालमा जाँचका क्रममा उनको पाठेघर सुन्निएको भेटिएको थियो । यो मुद्दामा जिल्ला अदालतले गत वर्ष ५ चैतमा फैसला गरेको थियो भने यसै वर्ष ४ वैशाखमा सजाय निर्धारण भएको हो । 'आफ्नो देश जान्छु भनेर टिकट काटेपछि पनि नतासाले टिकट क्यान्सिल गराइदिएकी रहिछन्, अनि उनी आफ्नो देश जान पाइनन् ।'

आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०८१/१०/२२

रसुवा जिल्ला आमछोदिङ्मो गा.पा. वाड नं ५, तातोपानी स्थित Salasungi Power Private Limited को लगानीमा निर्माण भएको Sanjen Khola Hydropower Project 78 MW हालसालै सञ्चालनमा आएको हुँदा उक्त आयोजनाको Management and Opertion Maintenance Service लागि निम्न दक्ष जनशक्तिहरूको आवश्यकता परेको हुँदा ईच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ ।

सिं नं	पद	योग्यता	माग संख्या	अनुभव
1	Deputy General Manager	BE	1	सम्बन्धित काममा कम्तिमा ५ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष भएको हुनु पर्नेछ ।
2	Administrative Manager	BA/BBS	1	सम्बन्धित काममा कम्तिमा ५ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष भएको हुनु पर्नेछ ।

१ **गर्नु पर्ने कामको विवरण** : आयोजनाको आवश्क्ता अनुसार
२ **कार्य क्षेत्र र स्थल** : आयोजना स्थल अनुसार
३ **कार्यरत रहने अवधि** : १ वर्ष
४ **संलग्न कागजतहरू** : शैक्षिक प्रमाण-पत्र र अनुभवका कागजहरू

China International Water and Electric Cooperation
बालुवाटार, काठमाडौं, सम्पर्क नं: ९८५११५४२२३, ईमेल : cwenepal@info.com.np

आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८१/१०/२२)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँ पालिका स्थित सञ्चालनमा रहेको माथिल्लो मादी जलविद्युत आयोजना(२५ मेगावाट)का लागि निम्न दक्ष कामदाहरूको आवश्यक्ता परेको हुँदा इच्छुकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ ।

सि.नं	पद	योग्यता	माग संख्या	अनुभव
1	Secretary	BBA/ BBS	1	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको
2	Business Supervisor	BA /BBS	1	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको चिनियाँ र अंग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको

१. **गर्नु पर्ने कामको विवरण** : आयोजनाको आवश्यक्ता अनुसार
२. **काम गर्नु पर्ने क्षेत्र तथा स्थल** : आयोजना स्थल
३. **कार्यरत रहने अवधि** : १ वर्ष
४. **संलग्न कागजातहरु** : शैक्षिक प्रमाण पत्र र अनुभवका कागजहरु

सम्पर्क ठेगाना :

१. मादी पावर प्रा लि
(माथिल्लो मादी जलविद्युत आयोजना)
आयोजना स्थल
मादी ७, कास्की, गण्डकी, इमेल: madipower2gad@gmail.com

२ . मादी पावर प्रा लि
(माथिल्लो मादी जलविद्युत आयोजना)
आयोजनाको कार्यलय, बालुवटार, काठ्माडौं

सार्वजनिक प्रशासनमा नैतिकता

सार्वजनिक पदाधिकारी स्व-उत्प्रेरित र नैतिकवान् भई सोहीअनुसारको व्यवहार प्रदर्शन गरेमा मात्र राज्यका हरेक नागरिकले सुशासनको अनुभूति गर्न सक्छन्

● खुविराम खनाल

अग्रलेख

राज्यको नीति, नियम बनाउने सन्दर्भमा राजनीतिक नेतृत्वलाई आवश्यक सल्लाह, सुझावका साथै सूचना तथा तथ्यांक उपलब्ध गराउने र बनेका नीति, नियमबमोजिम राज्य र नागरिकबिच रही सार्वजनिक सेवा प्रवाहका लागि स्थायी संयन्त्रका रूपमा सार्वजनिक प्रशासन गठन गरिएको हुन्छ। राज्य र नागरिकबिचको सम्बन्ध सेतुका साथै राज्यका नीति, नियम कार्यान्वयन गर्ने तथा प्राप्त लाभको समानुपातिक वितरण गर्नेजस्तो महत्त्वपूर्ण जिम्मेवारी प्राप्त गरेका सार्वजनिक पदाधिकारी आफैँमा स्व-उत्प्रेरित र नैतिकवान् भई सोहीअनुसारको व्यवहार प्रदर्शन गरेमा मात्र राज्यका हरेक नागरिकले सुशासनको अनुभूति गर्न सक्छन्।

शासन सञ्चालनका क्रममा राजनीतिक क्षेत्रले तर्जुमा गर्ने नीति तथा कार्यक्रमका लागि आवश्यक सल्लाह एवं सुझाव दिने, प्रतिपादित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने, शान्ति सुरक्षा, सुव्यवस्था र सुशासन कायम राख्ने उद्देश्यले मानव सभ्यताको सुरुवातसँगै सार्वजनिक प्रशासनको विकास भएको हो। सार्वजनिक प्रशासनमा रहेका व्यक्तिले आफ्नो जिम्मेवारी ग्रहण गरी स्थापित मूल्य, मान्यता, सिद्धान्त र सूचकका आधारमा कार्यसम्पादन गरी पेसागत नैतिकता प्रदर्शन गरेर आदर्श एवं पवित्र सार्वजनिक प्रशासनको पुष्टि गर्नुपर्छ।

कुनै पनि व्यक्ति, समाज र राष्ट्रको विकास र सभ्यताको सूचकका रूपमा रहेको नैतिकताको सीमा कहाँबाट सुरु भई कहाँ अन्त्य हुन्छ भन्ने स्पष्ट रूपमा उल्लेख गर्न नसकिने भए पनि विवेकशील मानव जातिको मानवीय आत्मानुशासन नै नैतिकता हो। नैतिकताको विषय व्यक्ति, व्यवसाय, समाज वा सन्दर्भअनुसार फरक-फरक हुन सक्छ। जस्तै- निर्णय तहमा बसेका पदाधिकारीका लागि सचेत निर्णय नैतिकता हो भने कार्यान्वयन तहमा रहेका पदाधिकारीका लागि सदाचार, निष्ठा, इमानदारी तथा सार्वजनिक नीति-नियम कार्यान्वयन गर्नु-गराउनु नैतिकताको विषय हो।

सामान्यतया इमानदार तथा नीति, नियम पालना गरी अनुशासनमा रहेको व्यक्तिलाई नैतिकता भएको व्यक्ति मानिन्छ। कुनै व्यक्ति, समाज, राष्ट्र वा परिवेशका लागि उच्च नैतिकताको विषय अर्को व्यक्ति, समाज, राष्ट्र वा परिवेशका लागि कम नैतिकताको विषय हुन सक्छ। नैतिकता नितान्तः तुलनात्मक विषय भएकाले सहजै रूपमा को नैतिक वा को अनैतिक भन्न सकिने अवस्था हुँदैन।

राजनीतिक रूपमा तटस्थ, आर्थिक रूपमा सदाचारी, सामाजिक रूपमा नैतिकवान् रहेको व्यावसायिक प्रशासन निर्माण गर्न सकेमा मात्र सार्वजनिक प्रशासनमा निष्पक्षता, स्वच्छता, निःस्वार्थता, इमानदारी, सदाचारिता, कार्यकुशलता, जिम्मेवारी, पारदर्शिता, उत्तरदायित्व, समानता, समता एवं सेवाको भावना विकास हुन गई सार्वजनिक प्रशासनमा नैतिकता कायम हुन सक्छ।

व्यक्तिमा अन्तरनिहित मूल्य-मान्यता, आचरण र विवेकका आधारमा नैतिकता निर्धारण हुने भएकाले व्यक्ति आफैँले असल र खराब छुट्याई असल आचरणप्रति आफूलाई केन्द्रित गर्नुपर्छ। नैतिकताको विषय सबैका लागि महत्त्वपूर्ण साधन भए पनि सार्वजनिक पद धारण गरेका व्यक्तिका लागि नैतिक दायित्व अझ बढी हुन्छ। सार्वजनिक पदमा बसेका पादाधिकारीले निर्धारित नीति-नियमको परिधिभित्र रही न्यायको पक्षपोषण, असल आचरण, इमानदार, दायित्वप्रति सजग, विवेकशील व्यवहार, असल संस्कार, निष्पक्ष, सहयोगी भावना प्रदर्शन गर्नुपर्छ। सार्वजनिक पदमा रहेका पदाधिकारीले इमानदारी, आफ्नो कर्तव्य र जिम्मेवारी वहन, अरूको सम्मान, सहानुभूति र नैतिकताजस्ता पक्षमा ध्यान दिनुको सट्टा आफ्ना इच्छा र चाहनालाई बेलगाम छाड्दा सार्वजनिक प्रशासनको नैतिकतामा ह्रास आउन सक्छ।

प्रसिद्ध विद्वान् सोक्रेटसले कसैलाई हानि नपुर्‍याउने, आफ्नो वचन पालना गर्ने र आफ्ना गुरु तथा बाबुआमाको आज्ञापालन र श्रद्धा गरी जम्मा नैतिकतामा तीन नियम हुने बताएका छन्। त्यस्तै, व्यक्तिले आफ्नो व्यक्तिगत जीवनमा गर्ने निर्णय र आचरणलाई निर्देशित गर्ने व्यक्तिगत नैतिकता, समाजका अन्य मानिससँग गरिने व्यवहारमा आधारित सामाजिक नैतिकता र कार्य क्षेत्रमा व्यावसायिक आचरण, इमानदारी र जिम्मेवारीको पालनालाई सम्बोधन गर्ने व्यावसायिक नैतिकता मुख्य रूपमा रहेका हुन्छन्। नैतिकताको विषय व्यक्तिगत जीवनमा भन्दा सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिकजस्ता सार्वजनिक जीवनमा बढी महत्त्वपूर्ण हुन्छ। सार्वजनिक पद धारण गरेको अधिकारीले निर्णय लिँदा नैतिक मूल्य र मान्यताबमोजिम उपयुक्त निर्णय लिनुपर्छ। सार्वजनिक पदाधिकारीले काम गर्दा वैयक्तिक लोभ, लालच र स्वार्थबाट अलग रहनुपर्छ। सार्वजनिक सरोकारका विषयमा अवलम्बन गरिएको कार्यविधि वस्तुपरक हुनुपर्छ। सार्वजनिक पद र अधिकार प्रयोग गर्ने व्यक्तिले प्रयोग गर्ने साधन, स्रोत, भूमिका एवं उसले सम्पादन गर्ने र गरेको कामप्रति ऊ स्वयं जवाफदेही हुनुपर्छ। सार्वजनिक पदीय भूमिका निर्वाह गर्दा आफूमा निहित पेसागत क्षमताका साथै असल आचरण, इमानदारी एवं दायित्वप्रति सजग हुन सकेमा आबद्ध संस्था नैतिकवान् हुनुका साथै सो संस्थाप्रति जनविश्वास बढ्दै जान्छ।

नेपालको संविधान, निजामती सेवा ऐन तथा नियमावलीलगायत अन्य क्षेत्रगत ऐन तथा नियमावलीले सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, सेवामूलक, उत्तरदायी र सुदृढ बनाउने लक्ष्य लिएको छ। सार्वजनिक सेवालाई सरल र सहज रूपमा आम नागरिकसमक्ष पुर्‍याउन कुनै पनि सार्वजनिक पदाधिकारीले पदबहाली गर्नुअघि विवेक र आत्मालाई साक्षी राखी शपथ लिनुपर्छ। उसले पालन गर्नुपर्ने अनुशासन र पदीय आचरणका विषय, कार्यसम्पादनमा अवलम्बन गर्नुपर्ने सिद्धान्त आदि पनि प्रस्ट तोकिएको छ। आन्तरिक एवं बाह्य अनुगमन, सुपरीवेक्षण, कार्यसम्पादन मूल्यांकन गर्ने व्यवस्था, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा कार्यप्रणाली, समय परिपालना, ड्रेस कोड, परिचय पत्र तथा संगठनमा छड्के जाँच गर्ने व्यवस्था पनि गरिएको छ। साथै, आचरण र अनुशासन पालन नगर्ने कर्मचारीलाई विभागीय सजायको व्यवस्थासमेत गरिएको छ। त्यस्तै, सार्वजनिक प्रशासनलाई सदाचारी, अनुशासित र नैतिक बनाई सेवानिष्ठ पार्ने कर्मचारीलाई विभिन्न पुरस्कार तथा अन्य मौद्रिक वा गैरमौद्रिक सेवा-सुविधाको व्यवस्था गरिएको भए पनि व्यवहारमा अपेक्षाकृत सुधार हुन सकेको छैन। नीति-नियममा व्यवस्था गरिएको सेवा-सुविधामा अनुशासित, सदाचारी र नैतिकवान् कर्मचारीभन्दा राजनीतिक तथा आर्थिक पहुँचवाला कर्मचारी रमाइरहेका छन्।

> सार्वजनिक पदीय भूमिका निर्वाह गर्दा आफूमा निहित पेसागत क्षमताका साथै असल आचरण, इमानदारी एवं दायित्वप्रति सजगता देखाउन सकेमा आबद्ध संस्था नैतिकवान् हुनुका साथै सो संस्थाप्रतिको जनविश्वास बढ्छ

निष्पक्ष छनोट प्रक्रियाबाट छानिएका, कामप्रति लगाव भएका, कार्यकुशलता, निष्ठा, अनुशासन, सेवामैत्री भावना एवं समन्वयात्मक सीपको विकास भएका व्यक्तिबाट सार्वजनिक सेवा प्रवाहको परिकल्पना गरिएको छ। सार्वजनिक सेवामा रहेका निर्णयकर्ताले निश्चित मापदण्डका आधारमा निर्णय गर्नुपर्नेमा परम्परावादी कार्यशैली, पदीय घमण्ड, आत्मकेन्द्रित प्रशासन, ढिलासुस्ती, भ्रष्टाचार, नातावाद, कृपावाद, राजनीतीकरणजस्ता विकृतिले सेवामा प्रश्रय पाउँदा सार्वजनिक प्रशासनलगायत विभिन्न पेसा र व्यवसायमा संलग्न कर्मचारीको नैतिकतामा ह्रास आएको देखिन्छ। त्यसका कारण सार्वजनिक प्रशासन, राजनीतिकलगायत सबै संगठनप्रति नागरिकको विश्वास घट्दै गएको पाइन्छ।

मुलुकमा राजनीतिक रूपान्तरणको कार्य सकिएका सन्दर्भमा नियम कानुनका साथै हाम्रो संस्कार, कार्यशैली र व्यवहारमा एकसाथ रूपान्तरण गरी जनतामा कानुनी शासन कायम भएको अनुभूति दिलाउन आवश्यक छ। यसका लागि सार्वजनिक प्रशासनमा सुस्पष्ट सोच, कार्यक्रमिक प्रतिबद्धता र कार्यान्वयनका लागि दृढ संकल्प भएमा मात्र राज्यले लिएको सुशासनको नीतिलाई सफल बनाउन सकिन्छ। साथै प्रशासकमा रहेको परम्परागत सोच तथा व्यवहारलाई परिवर्तन गरी जनताको सेवकका रूपमा रूपान्तरण गराउन शासन प्रणालीअन्तर्गतको सार्वजनिक प्रशासन अझ बढी व्यावसायिक, प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउनु आवश्यक छ। यसका लागि नैतिक पक्षका साथै विश्वास, धर्म, रीतिरिवाज र परम्पराजस्ता सामाजिक मूल्य परिवार र समाजबाट प्रदान गर्नुका साथै हाम्रा विद्यालय, महाविद्यालय र विश्वविद्यालयले अबका पाठ्यक्रममा नैतिक शिक्षामा आधारित विषयवस्तु समावेश गरिनु आवश्यक छ।

सार्वजनिक प्रशासन विधि एवं प्रक्रियाका आधारमा चल्ने भएकाले नीति-निर्माण गर्ने राजनीतिले चाहेजस्तो तीव्र गतिमा सेवा प्रवाह गर्न त नसकिएला, तर सरकारको भूमिकामा आएको परिवर्तन, विश्वव्यापीकरण, आर्थिक उदारीकरण, बजारमुखी अर्थ व्यवस्था, प्रविधिको विकासजस्ता कारणले मानिसको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक चेतनामा आएको बढोत्तरीसँगै नागरिक सरोकार र राज्यको हित प्रवर्द्धन गर्नु जरुरी छ। यसका लागि सरकारले अवलम्बन गर्ने प्रणाली, प्रक्रिया, मापदण्ड र कार्यशैली अपनाई सार्वजनिक सेवाको विश्वसनीयता, गुणस्तर, व्यवहार तथा कार्यशैलीमा सुधारको खाँचो छ। साथै, सार्वजनिक सेवा प्रवाहको मापदण्ड निर्धारण गरी प्रविधिमा आधारित सेवा प्रवाह गर्ने प्रणाली स्थापित गर्न सकेमा जनअपेक्षाबमोजिम सेवा प्रवाह हुनुका साथै सार्वजनिक प्रशासनको उच्च नैतिकता कायम रहन्छ।

अतः कानुनी, सामाजिक एवं व्यावसायिक विषयका रूपमा रहेको नैतिकतालाई राज्यको एक व्यक्ति, निकाय वा पक्षले मात्र अनुसरण गरेर पुग्दैन। यसका लागि हाम्रो सामाजिक संस्कार तथा व्यवहारमा सुधार ल्याउनु जरुरी छ। साथै, सार्वजनिक प्रशासनमा पारदर्शिता, स्वच्छता, सदाचारिता, कार्यकुशलता, निष्ठा, अनुशासन एवं सेवामैत्री भावनाको विकास गराउनु पनि आवश्यक छ। सार्वजनिक सेवालाई विश्वसनीय, गुणस्तर एवं पूर्वानुमानयोग्य बनाउन सार्वजनिक पदाधिकारीलगायत सबै नागरिकले समान रूपमा यसको अवलम्बन र अनुसरण गरी सिंगो समाज र राज्यलाई नैतिकवान् बनाउनु आजको आवश्यकता हो।

(खनाल ललितपुर जिल्ला अदालतका अधिकृत हुन्)

---

३ प्रश्न

प्रसूति तथा स्त्रीरोग विशेषज्ञ **प्राडा जागेश्वर गौतम**लाई

बच्चालाई स्तनपान गराउने आमाको संख्या घट्नुले के संकेत गर्छ ?

हामीले पनि यस विषयमा गहन अध्ययन गरेका छौँ। हाम्रो अध्ययनले पनि स्तनपान गराउने आमाको संख्या घटिरहेको देखाएको छ। यसका केही कारण देखिन्छन्। सहरी क्षेत्रका कामकाजी महिलाले काम नगरी जीविका चलाउन कठिन छ। काममा जानुपर्नेले चाहेर पनि स्तनपान गराउन सम्भव नहुन सक्छ। कतिपय आमाले देखासिकीले पनि स्तनपान नगराएको देखिन्छ। उनीहरूमा स्तनपान गराउँदा फिगर या ब्युटी बिग्रिन्छ भन्ने डर देखिन्छ। 'फर्मुला फिडिङ कम्पनी' हरूको आकर्षक विज्ञापनमाथिको विश्वासले पनि यो संख्यामा कमी ल्याउन सघाएको छ। कतिपयमा चाहिँ यसको महत्त्वबारे थाहै नभएको पनि देखिन्छ।

स्तनपानबाट वञ्चित बच्चामा कस्ता असर पर्न सक्छन् ?

स्तनपान नगराउनुको सबैभन्दा ठुलो असर भनेको आमा र बच्चाबीचको 'बन्डिङ' कम हुनु हो। आमाको दुध खान नपाउँदा बच्चाको रोगप्रतिरोधी क्षमता कमजोर हुन्छ। स्तनपान गराउने आमाको महिनावारी ढिलो हुन्छ। जसले गर्दा पुनः गर्भवती बन्ने सम्भावना कम हुन्छ। परिवार नियोजनका साधन प्रयोग गरिरहनुपर्दैन। आमाको दुध निःशुल्क प्राप्त हुन्छ र यसलाई स्टोर गरेर राख्न पनि सकिन्छ। प्रसूति गृहमा 'ह्युमन मिल्क बैंक छ, जहाँ आमाको दुध संरक्षण गरेर राखिन्छ।

'फर्मुला फिडिङ'विरोधी कानुन कार्यान्वयनमा किन समस्या आएको होला ?

कानुनतः आमाको दुधको 'सप्लिमेन्ट' भनिएका वस्तुको विज्ञापन गर्न पाइँदैन। तर, कसैले स्वस्फूर्त रूपमा खोजी गरेमा दिनुपर्छ। यसलाई रोक्ने हो भने सरकारले नियमनमा कडाइ गर्नुपर्छ र 'यो आमाको दुधको विकल्प होइन, यसले कत्ति पनि फाइदा दिँदैन। यो बच्चाका लागि हानिकारक छ' भन्ने सूचना त्यस्ता सामग्रीका बट्टामा ९० प्रतिशत ढाक्नेगरी राख्नैपर्ने व्यवस्था गर्नुपर्छ।

प्रेरक प्रसंग

सुखी त रहने, तर कसरी ?

अलि रिसाहा स्वभावका एक शिष्यले गुरुलाई प्रश्न गरे- गुरुदेव, तपाईं कसैसँग रिसाउनुहुँदैन। तपाईंका बारेमा नराम्रो भन्ने मान्छेलाई पनि केही भन्नुहुन्न। आखिर तपाईं कसरी आफ्नो व्यवहार यति सुमधुर बनाइराख्न सक्नुहुन्छ ? तपाईंको जीवनको रहस्य के हो ?

गुरुले भने- हेर बाबु, मलाई आफ्नो रहस्यबारे त थाहा छैन, तर तिम्रो रहस्य भने जान्दछु।

छक्क पर्दै शिष्यले प्रश्न गरे- मेरो रहस्य ? मेरो के रहस्य छ र गुरुदेव ! गुरुले दुःखी हुँदै जवाफ दिए- आजको एक सातामा तिम्रो मृत्यु हुँदै छ।

गुरुले नै भनिसकेपछि शिष्यलाई पूर्ण विश्वास भयो। चिन्तित हुँदै गुरुको आशीर्वाद लिए र उनी कुटीबाट निस्किए। बाहिर निस्कँदा उनको स्वभाव बिल्कुलै बदलिएको थियो। बाहिर निस्केपछि उनले जजसलाई भेटे, ऊसित बडो प्रेमपूर्वक भेटघाट गरे। कसैमाथि क्रोध देखाएनन्। कुनै समय आफूले गलत व्यवहार गरेका साथीहरूसित पनि भेटघाट गरेर उनीहरूसित हार्दिकतासाथ क्षमायाचना गरे। हेर्दाहेर्दै सन्तले भनेको एक साताको अन्तिम दिन आइपुग्यो।

अन्तिम दिन एकपटक गुरुको दर्शन गरेर आशीर्वाद लिने मनसायले शिष्य गुरुको कुटीमा पुगे। उनले गुरुलाई प्रणाम गर्दै भने- गुरु ! अब मेरो जाने समय हुन लाग्यो, मलाई आशीर्वाद दिनुहोस्। सन्तले आशीर्वाद दिँदै शिष्यसित प्रश्न गरे- यो एक साताभरि तिमीले के-के गरेर बितायौ ? के तिमी पहिलेजस्तै मानिससित रिसायौ ?

शिष्यले जवाफ दिए- होइन, होइन गुरुदेव ! यो एक सातामा म कसैसित रिसाइनँ। मैले सबैसित प्रेमपूर्वक भेटघाट गरेँ। मैले विगतमा जजसको मन दुखाएको थिएँ, उनीहरू सबैसँग माफी पनि मागेँ। शिष्यको जवाफ सुनेपछि गुरुले मुसुक्क मुस्कुराउँदै जवाफ दिए- हो, यही हो मेरो जीवनको रहस्य। जब एक न एक दिन मरेर जानु नै छ भने बेकारमा कसैसित किन रिसाउनु, किन कसैको मन दुखाइरहनु ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

डढेलोबारे सचेत बनौँ

हावाहुरीको सिजन नजिकिँदै छ। तर, हावाहुरीको सिजन सुरु नहुँदै नेपालका विभिन्न भागमा आगलागी र डढेलोको समस्या सुरु भएको समाचार सुन्दा दुःख लाग्यो। सामान्यतः डढेलो मानवीय लापरबाहीकै कारण लाग्ने गर्छ। तर, जेजसरी लागे पनि डढेलोबाट हुने क्षति भने अकल्पनीय हुन सक्छ। डढेलो कति विनाशकारी हुन्छ भन्ने थाहा पाउन अमेरिकाको लसएन्जलसमा हालै लागेको विनाशकारी डढेलोलाई सम्झिए पुग्छ। महाशक्ति अमेरिकासमेत यो डढेलोसामु निरीह देखिएको छ। कथं हामीले पनि त्यस्तै विनाशकारी डढेलो लागे कसरी सामना गरौँला ? त्यसैले, डढेलोबारे लाग्नुअघि नै सचेत बनौँ।

● **भूमिका सिलवाल**, रानीबारी, काठमाडौं

गलत अध्यादेश सच्याउनैपर्छ

सरकारले संसद् अधिवेशन छलेर ल्याएका अधिकांश अध्यादेशका कतिपय प्रावधान कुनै हालतमा स्विकार्न नहुने खालका छन्। अहिले संसद् अधिवेशन चालू भइसकेको अवस्थामा संसद्मा ती अध्यादेश अस्वीकार गर्न प्रतिनिधिसभामा ५० र राष्ट्रिय सभामा १६ 'अस्वीकार प्रस्ताव' दर्ता भएको समाचार पढियो। पक्कै पनि गलत मनसायले ल्याइएका गलत अध्यादेशलाई सच्याउनुको विकल्प छैन। सरकारले बहुमतको दम्भमा पेलेर अघि बढ्ने होइन, अध्यादेश सच्याउने बाटामा जानु बुद्धिमानी ठहर्छ।

● **मृणालकुमार दास**
वीरगन्ज, पर्सा

सरकारको सराहनीय प्रयास

सरकारले राष्ट्रिय मानव अधिकार आयोगलाई आर्थिक रूपमा स्वायत्त बनाएर शक्तिशाली बनाउने प्रस्ताव गरेको विधेयक अर्थ मन्त्रालयमा पठाएको समाचार पढियो। मानव अधिकार आयोग निकै महत्त्वपूर्ण आयोग हो। त्यसैले, यसलाई जहिल्यै सरकारको नियन्त्रणबाहिरै रहेर सशक्त रूपमा सञ्चालन हुन दिनुपर्छ। साथै, सरकारले आयोगलाई आर्थिक रूपमा स्वायत्त बनाउनुका साथै यसका निर्देशन बाध्यकारी रूपमा पालना गर्नैपर्ने व्यवस्था गरिनुपर्छ। अन्यथा, यो आयोग पुनः कमजोर बन्ने पक्का छ।

● **सुजल मुल्मी**
मखन, काठमाडौं

सवारी चलाउने उमेरहद कति हो ?

नेपालमा कति वर्षको उमेरसम्म सवारीसाधन चलाउन पाइन्छ ? कुन उमेरसम्म नयाँ लाइसेन्स लिन पाइन्छ ? अनि कति वर्षसम्म नवीकरण गर्न सकिन्छ ? यसबारे नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात विभागको वेबसाइट, कतै पनि यो माथिल्लो उमेर हदबारे लेखेको पाइएन। केवल न्यूनतम उमेरबारे मात्र उल्लेख गरेको पाइयो। गुगल सर्च गरेर हेर्दा धेरैजसो देशमा माथिल्लो उमेर हद ७० वर्ष, कहीँ-कहीँ ७५ वर्ष र छिमेकी मुलुक भारतमा ७० वर्ष उमेरसम्म व्यावसायिक सवारी चलाउन पाइने लेखिएको छ। विकसित मुलुकमा ७० वर्ष उमेर पुगेपछि तीन-तीन वर्षमा आँखालगायत स्वाथ्य परीक्षण अनिवार्य रहेछ। अमेरिकामा वृद्धवृद्धाले सिटी एरियामा सवारी चलाउन पाउने, तर राजमार्गमा चलाउन नपाउने नियम रहेछ। तर, नेपालमा चाहिँ माथिल्लो उमेर हदबारे मन्त्रालय या विभागका अधिकारी नै स्पष्ट रहेनछन्। यसबारे यातायात कार्यालय, चाबहिलका सूचना अधिकृतसँग जिज्ञासा राख्दा माथिल्लो उमेर हद नभएको, साना सवारीका हकमा उमेरलाई विचार गर्ने नगरिएको, तर व्यावसायिक रूपमा सञ्चालन हुने ठुला सवारीसाधनका चालकका हकमा ६० वर्षको उमेर हद तोकिएको बताए। उनले ठुला व्यावसायिक सवारीबाहेक अरूको हकमा माथिल्लो उमेर हद नतोकिँदा नयाँ र पुराना नवीकरणको विषयमा सधैँ गलफत्ती हुने गरेको बताउँदै सरकारले एउटा ठोस उमेर हद तोक्नुपर्ने सुझाव दिए। यसबारे सरकारले छिटो प्रस्ट पारोस्। सवारीचालक अनुमति पत्रको माथिल्लो उमेरहदबारे कानुनमै व्यवस्था गरोस्।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सामाजिक सञ्जाल कि भ्रामक एवं मिथ्या सूचनाको जाल ?

सामाजिक सञ्जाल विधेयक २०८१ मा 'मालइन्फोर्मेसन'लाई समेटिएकै छैन, जबकि यस्तो सूचना समाजका लागि झनै खतरनाक हुन्छ

● विवेक बखेल

भन्ने गरिन्छ, 'कलम र जिब्रो सोचेर चलाउनुपर्छ' किनकि कलमको प्रभाव र जिब्रोले दिएको चोट लामो समयसम्म रहन्छ। संविधानले अभिव्यक्ति स्वतन्त्रता दिए पनि त्यसको सीमासमेत निर्धारित गरेको छ। तर, आधुनिकीकरण र वैज्ञानिक प्रविधिमा आएको परिवर्तनसँगै अभिव्यक्ति स्वतन्त्रता र त्यसका सीमा भत्किएका छन्। यसले विकासका पाइला अघि सार्दै गर्दा केही नयाँ र नौला समस्याको सामना गर्नुपरिरहेको छ। यस्ता अनेक समस्यामध्ये 'गलत सूचना' पनि अग्रस्थानमा पर्छ। मुख्यतः गलत सूचना दुई प्रकारका पाइन्छन्। पहिलो- 'मिथ्या सूचना' जसलाई अंग्रेजीमा 'मिसइन्फोर्मेसन' भनिन्छ र अर्को 'भ्रामक सूचना' जसलाई अंग्रेजीमा 'डिसइन्फोर्मेसन' भनिन्छ। सामाजिक सञ्जालमा लुकिछिपी मिसिन आउने यस्ता भ्रामक समाचार तथा सूचनाले दैनिक जीवनमा गम्भीर समस्या सिर्जना गर्छन्।

समाधानको खोजी : यस्तो समस्याको समाधान भनेको सूचनालाई प्रभावकारी ढंगले नियमन तथा नियन्त्रण गर्नु नै हो। सामाजिक सञ्जालमा आउने भ्रामक सूचनालाई कानुनी दायरामा ल्याई कसुरदारलाई हदैसम्मको सजाय दिलाउन 'सामाजिक सञ्जाल विधेयक २०८१' हाल राष्ट्र सभामा पेस भएको छ।

विज्ञहरूको अभिव्यक्ति : सामाजिक सञ्जाल विधेयकबारे विभिन्न टिप्पणी भएकाले 'लिगल रिसर्च सोसाइटी'ले सहिद दिवसको अवसर पारी 'मिसइन्फोर्मेसन' एन्ड डिसइन्फोर्मेसन' छलफल कार्यक्रम आयोजना गरी सम्बन्धित विज्ञलाई आमन्त्रित गरेको थियो। कार्यक्रमका वक्ता काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्ट्सका प्राध्यापक डा. सुधांशु दाहालका सुझाव मननीय छन्। उहाँ भन्नुहुन्छ- 'मिसइन्फोर्मेसन' भन्नाले झुक्किएर वा सामान्य त्रुटि भएर फैलिएको गलत सूचना हो भने 'डिसइन्फोर्मेसन'चाहिँ नियतवश हुँदै नभएका कुरालाई कसैलाई हानि पुर्‍याउने नियतले फैलाइएको भ्रामक सूचना हो। यी दुईभन्दा पनि खतरनाक 'द्वेषपूर्ण जानकारी हो' जसलाई अंग्रेजीमा 'मालइन्फोर्मेसन' भनिन्छ। उहाँले 'मालइन्फोर्मेसन'लाई गोपनीयता भंग गरी अनावश्यक रूपमा कसैलाई नियतवश पीडा तथा समस्या दिने नियतले फैलाइएको सूचनाका रूपमा व्याख्या गर्नुभयो। उहाँ भन्नुहुन्छ- 'सामाजिक सञ्जाल विधेयक २०८१' मा मालइन्फोर्मेसनलाई समेटिएकै छैन, जबकि यस्तो सूचना समाजका लागि झनै खतरनाक साबित हुन्छ। भाषाले पनि सूचना सम्प्रेषणमा निकै प्रभावकारी भूमिका निर्वाह गर्छ। तर, यस विधेयकमा कस्तो सूचनालाई 'मिसइन्फोर्मेसन' र कस्तोलाई 'डिसइन्फोर्मेसन' भन्नेबारे परिभाषा स्पष्ट छैन। कार्यक्रमका प्रमुख अतिथि तथा प्रतिनिधिसभा सदस्य गोकुल बाँस्कोटाले समेत 'सामाजिक सञ्जाल विधेयक २०८१' को दफा २० मा रहेको 'साइबर स्टकिङ' को परिभाषा नै गलत रहेको बताउनुभयो। अतः यसमाथि थप दफाबार छलफल नगरी जस्ताको त्यस्तै अघि बढाउनु उचित हुँदैन भन्ने बाँस्कोटाको भनाइ छ। बाँस्कोटा भन्नुहुन्छ- हतार गरी पेस गरिएको विधेयकलाई कानुन बनाउँदा समस्या आउन सक्छन्। तर, अहिलेको अवस्थामा आवश्यक परेको हुनाले सकभर केही प्रतिशत भए पनि भ्रामक सूचनाको नियमन तथा नियन्त्रण गर्न यो विधेयक आएको हो। वरिपरि जंगल भएको स्थानमा चट्याङ पर्दा रुखमुनि बस्नु खतरनाक साबित हुने भए पनि जताततै रुख नै रुख रहेकाले चट्याङबाट बच्न रुखकै

सहारा लिनुपर्ने पनि हुन्छ भन्ने बाँस्कोटाको भनाइ छ। कानुनका विभिन्न प्रकारमध्ये एक सामाजिक कानुन पनि हो। खासमा कुनै पनि कानुनलाई समाजमा कार्यान्वयन गर्न सामाजिक कानुनको रूप धारण गर्नुपर्ने हुन्छ। समाजले नअपनाएसम्म जस्तोसुकै कानुन बने पनि समाजमा कार्यान्वयन हुन सक्दैन। यस विषयमा पत्रकार तथा सञ्चारकर्मीको पनि गुनासो छ। कार्यक्रममा सञ्चारकर्मी टीकाराम यात्रीले भन्नुभयो- 'अहिलेको अवस्थामा समाजले विशेषज्ञको भनाइ र रायभन्दा बढी कुनै सामाजिक सञ्जालमा भाइरल भएका सोसल मिडिया स्टारहरूको भनाइलाई बढी महत्त्व दिने र अझ बढीभन्दा बढी सेयर गर्ने गर्छ। यसले भ्रामक सूचना फैलाउन निकै प्रभावकारी भूमिका निर्वाह गर्छ।' उहाँको यो तर्कले सामाजिक सञ्जालमा आएका सूचनालाई विचार गरेर मात्र विश्वास गर्नुपर्ने सन्देश दिन्छ।

समाधान : प्राडा सुधांशु दाहाल भन्नुहुन्छ- भ्रामक सूचनाबाट बच्ने केही उपाय छन्। जसलाई प्रयोग गर्ने हो भने केही हदसम्म यसलाई रोकथाम गर्न सकिन्छ।

१. **पर्खनुस्** : कुनै पनि सूचनालाई आँखा चिम्लेर विश्वास गरेर आफ्नो सामाजिक सञ्जालमा सेयर गर्नुभन्दा पहिले पर्खनुस्, सोच्नुस्, सत्य या असत्य जाँच गर्नुहोस् अनि मात्र विश्वास गर्नुहोस्।

२. **सूचनाको जाँच गर्नुहोस्** : आफूले पाएको सूचना कति सत्य हो, जाँच गर्ने केही 'प्लाटफर्म' तथा 'साइट' छन्। जस्तै 'फ्याक्ट चेक डट ओआरजी, पोलिटी फ्याक्ट, अल्ट न्युज, नेपाल फ्याक्ट चेक डट ओआरजी आदि।

३. **आधिकारिकता** : कुन सूचना कोबाट आएको हो ? लेखक को हो ? वक्ता को हो ? जाँच गर्नुहोस्। कुनै विषयमा विशेषज्ञ व्यक्तिले लेखेको वा भनेका कुरालाई मात्रै विश्वासमा लिनुहोस्।

यस्ता उपाय प्रयोगमा ल्याउने हो भने भ्रामक सूचनाबाट जोगिन सकिन्छ। कानुन र त्यसको कार्यान्वयनका आफ्नै पाटा छन्, तर आफ्नो सुरक्षाको जिम्मेवारी सर्वप्रथम आफैँले आफ्नो हातमा लिनुपर्छ। प्रविधिलाई सकारात्मक रूपमा आत्मसात् गर्ने हो भने त्यसबाट सबैको हित हुन्छ। विज्ञान र प्रविधि दुवै वरदान हुन्। भ्रमको खेती गरेर यिनलाई दूषित बनाउँदै श्रापमा परिणत हुन दिनुहुँदैन।

(लिगल रिसर्च सोसाइटीका सदस्य बखेल कानुनका विद्यार्थी हुन्)

प्रदेशको नेतृत्वमा एमालेले सुरु गऱ्यो पार्टी निर्माण विस्तार अभियान

नयाँ पत्रिका

एमालेले देशैभर एकैपटक वडाकेन्द्रित अभियान सुरु गरेको छ। प्रदेश, जिल्ला र पालिकास्तरमा आबद्ध नेता-कार्यकर्तालाई ६ हजार ७४३ वटै वडामा जिम्मेवारी तोकेर टोलस्तरसम्म कमिटी निर्माण र विस्तारका लागि एमालेले अभियान सुरु गरेको हो।

अभियान अगाडि बढाउन महासचिव शंकर पोखरेलले अघिल्लो हप्ता अन्तरपार्टी निर्देशन नै जारी गरेर गर्नुपर्ने कामबारे निर्देशन दिएका छन्। २३ पुसमा सम्पन्न केन्द्रीय कमिटी बैठकले चैतसम्म तीनमहिने वडाकेन्द्रित अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो।

उपाध्यक्ष युवराज ज्ञवालीले प्रदेशलाई योजना र नेतृत्वको जिम्मेवारी दिएर देशैभर अभियान अघि बढेको जानकारी दिए। 'अभियान सञ्चालनको नेतृत्व गर्ने जिम्मेवारी प्रदेश र जिल्लालाई दिइएको छ। प्रदेशले गरेको निर्णयका आधारमा जिल्लाले तालिका बनाएर काम अगाडि बढाउँछ,' ज्ञवालीले नयाँ पत्रिकासँग भने, 'प्रदेशको योजनामा प्रदेश सदस्य, जिल्ला र पालिकास्तरका सदस्यहरू टोलसम्म खटिने गरी योजना बनिरहेका छन् र सबै वडामा हजारौँ टोल कमिटी निर्माण र विस्तार हुनेछन्, त्यसअनुसार अहिले सबैतिर अभियान सुरु भएको छ।' उनले सबै नेता कार्यकर्तालाई वडा र टोल तोकेर गर्नुपर्ने कामसहित परिभाषित जिम्मेवारी दिइएको बताए।

एमालेले पार्टीमा कम्तीमा एक लाख क्षमतावान् नयाँ युवालाई भर्ती गरेर पार्टीमा आबद्ध गराउने लक्ष्यसहित पार्टी निर्माण अभियान सञ्चालन अगाडि बढाएको छ। केन्द्रीय कमिटी बैठकले केन्द्रीय संगठन विभागको संगठन विस्तारसम्बन्धी कार्ययोजना पारित गर्दै ६ हजार ७४३ वटा वडामा कम्तीमा एक लाख क्षमतावान् नयाँ युवालाई भर्ती गर्ने लक्ष्य राखेको हो। कम्तीमा एउटा वडामा १५ जना क्षमतावान् युवालाई रोस्टर बनाएरै प्रशिक्षित गरी पार्टीमा आबद्ध गराउने कार्ययोजनामा भनिएको छ। लक्ष्य पूरा भएको अवस्थामा एक लाख एक हजार १४५ नयाँ युवा आबद्ध हुन सक्नेछन्।

'प्रत्येक वडामा सम्भावना बोकेका कम्तीमा १५ जना युवाहरूको रोस्टर बनाउने (सूची तयार पार्ने) र नेतृत्व विकासका लागि विशेष प्रशिक्षण आरम्भ गर्ने। विदेश गएका पार्टी समर्थक युवाहरूको विवरणसहितको लगत लिने र पार्टीको केन्द्रीय संगठन विभागमा पठाउने। निर्वाचन बुथकेन्द्रित सुरक्षा-प्रबन्धको अग्रिम तयारी थाल्ने। सम्भाव्य युवाहरूको खोजी गर्ने' बैठकले पास गरेको युवा नेतृत्व विकासको काम शीर्षकमा भनिएको छ।

महासचिव पोखरेलले कुल मतदाताको कम्तीमा ६ प्रतिशतलाई पार्टी सदस्यता नवीकरण र विस्तार गर्नुपर्ने भन्दै तीनमहिने अभियानमा दशवटा कामलाई प्राथमिकताका साथ सम्पन्न गर्न अन्तरपार्टी निर्देशन जारी गरेका छन्। 'सदस्यता नवीकरण र विस्तार (कुल मतदाताको ६ प्रतिशत पुऱ्याउने। टोल तहसम्म पार्टी कमिटीको अधिवेशन सम्पन्न गर्ने र कम्तीमा एकतिहाइ युवालाई आधारभूत तहका पार्टी कमिटीमा समावेश गर्ने,' पोखरेलले अपानीमा भनेका छन्।

माओवादीले कचनकवलबाट संगठन सुदृढीकरण अभियान सुरु गर्ने

काठमाडौं/ माओवादीले झापाको कचनकवलबाट हुलाकी राजमार्गकेन्द्रित संगठन सुदृढीकरण अभियान सुरु गर्ने भएको छ। जनतातिर फर्किने नीतिअनुसार अभियान सञ्चालन गर्न लागेको माओवादीले जनाएको छ। अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डनिवास खुमलटारमा सोमबार बसेको पदाधिकारी बैठकले १२ फागुनदेखि अभियान सञ्चालन गर्ने निर्णय गरेको हो। गत २१-२३ पुसमा काठमाडौंमा बसेको केन्द्रीय कमिटीको छैटौं पूर्ण बैठकले हुलाकी र पूर्व-पश्चिम राजमार्गमा जनतासँग माओवादी अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो। चैतभर तयारी गरेर वैशाखमा हिमाली र मध्यपहाडी क्षेत्रलाई मध्यनजर गरी मध्यपहाडी लोकमार्गमा जनतासँग माओवादी अभियान सञ्चालन गर्ने माओवादीको तयारी छ।

पदाधिकारी बैठकले नेताहरूको कार्यविभाजनसमेत गरेको छ। महासचिवभन्दा माथिका पदाधिकारीले भूगोलको जिम्मा नलिने नीतिगत निर्णय माओवादीले गरेको छ। सोही आधारमा उपमहासचिवसम्मका नेतालाई प्रदेश इन्चार्जको जिम्मेवारी दिइएको छ। उपमहासचिवहरू हरिबोल गजुरेल कोशी, मातृका यादव मधेश र गिरिराजमणि पोखरेलले सुदूरपश्चिम प्रदेश इन्चार्जको जिम्मेवारी पाएका छन्। सचिवहरू हितमान शाक्य बागमती, दिनानाथ शर्मा गण्डकी, चक्रपाणि खनाल लुम्बिनी र राम कार्कीले युरोप-अमेरिकाको इन्चार्जको जिम्मेवारी पाएका छन्। स्थायी कमिटी सदस्यहरू कालीबहादुर मल्ल कर्णाली र जयपुरी घर्तीलाई विशेष प्रदेशको इन्चार्ज तोकिएको छ। सार्क समितिमा लक्ष्मण पन्त र प्रवास एसिया समितिमा ओम शर्माले इन्चार्जको जिम्मेवारी पाएका छन्।

पूर्वउपराष्ट्रपति पुनलाई जिम्मेवारी दिने तयारी

माओवादी बैठकमा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनलाई उत्पादन हेर्ने गरी जिम्मेवारी दिनेबारे छलफल भएको छ। एक पदाधिकारीका अनुसार पुनले उत्पादन हेर्ने इच्छा राखेका छन्। नेता तथा कार्यकर्तालाई उत्पादनसँग जोड्ने गरी जिम्मेवारी लिन खोजेको उनले बताएका छन्।

कर्जा चुक्ता गर्न आउने सम्बन्धि १५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/१३(नयाँ पत्रिका)
दोस्रो पटक प्रकाशित मिति : २०८१/१०/२२

यस संस्थाबाट कर्जा उपभोग गरि रहनुभएका तपसिल बमोजिमका ऋणी सदस्यहरूले कर्जा लिंदा गरि दिनुभएको लिखत तथा शर्तनामा बमोजिम कर्जाको सावाँ, ब्याज र हर्जाना आदि बुझाउन पटक पटक मौखिक तथा लिखित जानकारी एवं तर-ताकेता गर्दा पनि कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो देखाउनु नभएको हुँदा यो कर्जा चुक्ता गर्न आउने सम्बन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ। यस अवधि भित्र संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम फछ्र्यौट गर्न र गराउनु हुन सम्बन्धित ऋणी, धनजमानीकर्ता एवं सम्बद्ध सबैलाई जानकारी गराईन्छ। सो अनुसार नभएमा सहकारी ऐन, सहकारी नियमावली, तथा संस्थाको विनियम र ऋण नीति अनुसार ऋणी सदस्यको चलअचल सम्पत्तिबाट कानुन बमोजिम संस्थाको लेना रकम असुल उपर गरिनुको साथै कुनै कारणवस सो सम्पत्तिबाट लेना रकम असुल उपर नभएमा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको एकासगोल परिवारको चलअचल सम्पति जायजेथाबाट समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

ऋणीको विवरण	फोटो	धन जामानीको विवरण	फोटो
नामः पुष्कर वि.क. पतिः नन्द बहादुर वि.क. ससुराः खड्क बहादुर वि.क. ठेगानाः म्याग्दी, कुहुँ-४ हाल : काठमाडौं, टोखा-८ ना.प्र.प.नं.: ४९१०२७/२१३७		**नामः मैनादेवी राई वि.क.** बुवाः अगम बहादुर राई बाजेः सुर्य बहादुर राई ठेगानाः म्याग्दी, अर्थुङ्गे-१ हालः काठमाडौं, टोखा-७ ना.प्र.प.नं.:१३७९८६/१२१२/१०६७	
धितो विवरण : सवारी साधन : मोटरसाइकल, मोडल : Pulsar 150, दर्ता नं.: BA 83 PA 2835, ई.नं.: DHZWHK27366, च्या.नं.: MD2A11CZ1HWK25788, बनेको साल : 2016			

ऋणीको विवरण	फोटो	धन जामानीको विवरण	फोटो
नामः निरु भण्डारी बुवाः ज्ञान बहादुर भण्डारी बाजेः कृपाश्वर भण्डारी ठेगानाः का.म.पा.-३४, काठमाडौं हालः बु.न.पा.-८, काठमाडौं ना.प्र.प.नं.: १५५५१/२६८५३, काठमाडौं		**नामः हेप बहादुर खड्का** बुवाः मान बहादुर खड्का बाजेः सम्मर बहादुर खड्का ठेगानाः नेले-४, सोलुखुम्बु हालः बु.न.पा.-८, काठमाडौं ना.प्र.प.नं.: ३२११/५९२	
नामः सविन तामाङ्ग बुवाः अस्मान तामाङ्ग बाजेः काजी मान तामाङ्ग ठेगानाः भिमखोरी-२ काभ्रेपलाञ्चोक हालः का.म.पा.-१५, काठमाडौं ना.प्र.प.नं.:३०-०१-७३-०६५४०		**नामः राकेश कुमार सिंह** बुवाः रत्नेश्वर प्रसाद सिंह बाजेः चन्द्रकेत कुमार सिंह ठेगानाः ब्रम्हपुरी-१ रौटहट हालः बु.न.पा.-८, काठमाडौं ना.प्र.प.नं.: ४१५९५	
नामः राजन प्रसाद न्यौपाने बुवाः लोकनाथ न्यौपाने बाजेः लिलामणि न्यौपाने ठेगानाः हेटौडा-१०, मकवानपुर हालः का.म.पा.-२२, काठमाडौं ना.प्र.प.नं.: ६७		**नामः रक्षा सिंह** बुवाः चक्र बहादुर सिंह बाजेः टेक बहादुर सिंह ठेगानाः विरेन्द्रनगर-६, सुर्खेत हालः बु.न.पा.-३, काठमाडौं ना.प्र.प.नं.: ३७७८६	
नामः रमन गुरुङ्ग बुवाः राम बहादुर गुरुङ्ग बाजेः विर बहादुर गुरुङ्ग ठेगानाः का.म.पा.-९, काठमाडौं हालः का.म.पा.-३, काठमाडौं ना.प्र.प.नं.: ३८४५/१२७४		**नामः सलोउनी श्याक्य** बुवाः कर्ण बहादुर साक्य बाजेः ठेगानाः पांग्रेटार-१, सिन्धुपाल्चोक हालः चपली, बु.न.पा. काठमाडौं ना.प्र.प.नं.:२४१०२६/२११६१	

उत्कृष्ट साथीभाई बचत तथा ऋण सहकारी संस्था लि.
गल्फुटार, बुढानिलकण्ठ, काठमाडौं, सम्पर्क नं. : ०१-४३७४२४७

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/१०/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

थानकोट शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
बागमती प्रदेश सरकार, पर्यटन उद्योग तथा सहकारी मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्रा.फ.द.नं. ३४९ अन्तर्गत मिति २०७६/०८/०६ मा दर्ता कायम भएको **सालोम कृषि फर्म** उद्योग दर्ता ठेगानाः किर्तिपुर न.पा. - ४, काठमाडौं स्थायी लेखा नं. ६१२५०२६२२ मिति २०७६/०८/०८ **प्रोप्राइटरः प्रमिला पाण्डे** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**विष्णु बहादुर पाण्डे** ना.प्र.नं. ६१७६, जारी मितिः २०६२/११/१६ जि.प्र.का. धादिङ्ग बाबुको नामः दिप बहादुर पाण्डे बाजेको नामः दुर्गा बहादुर पाण्डे स्थायी ठेगानाः नीलकण्ठ न.पा. -५, धादिङ्ग हालको ठेगानाः किर्तिपुर न.पा. - ७, काठमाडौं	**सविन पाण्डे** ना.प्र.नं. २६-०१-७८-०१६८९ जारी मितिः २०७८/०५/०८ जि.प्र.का. धादिङ्ग बाबुको नामः विष्णु बहादुर पाण्डे बाजेको नामः दिप बहादुर पाण्डे स्थायी ठेगानाः नीलकण्ठ न.पा. -५, धादिङ्ग हालको ठेगानाः किर्तिपुर न.पा. -७, काठमाडौं	**प्रमिला पाण्डे** ना.प्र.नं. २६२६३०४९/६४६ जारी मिति २०६३/१०/१८ जि.प्र.का. धादिङ्ग बाबुको नामः कृष्ण बहादुर कमर पतिको नामः विष्णुबहादुर पाण्डे ससुराको नामः दिप बहादुर पाण्डे स्थायी ठेगानाः खाल्टे - ५, धादिङ्ग हालको ठेगानाः किर्तिपुर न.पा. -७, काठमाडौं

धितोको विवरण
जग्गाको विवरण

दिप बहादुर पाण्डेको बुहारी, बिष्णु बहादुर पाण्डेको पत्नी, प्रमिला पाण्डेको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला पाँचखाल गा.वि.स./न.पा. वडा नं. ७ (दिपज्योति रिसोर्ट पाँचखाल नजिक) स्थित कि.नं. १५०३, १६२१, २५०६ को क्षेत्रफल क्रमश : ०-३-०-०, ०-१४-०-० र १-०-०-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

चावहिल शाखा, काठमाडौं

ऋणीको विवरण	संचालक तथा जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १५९२१७/०७३/०७४ अन्तर्गत मिति २०७३/०८/१४ मा दर्ता कायम भएको **अभिजित ईन्टरनेशनल प्रा.लि.** कम्पनी दर्ता ठेगानाः काठमाण्डौं म.न.पा. - ९, सिनामंगल, काठमाण्डौं स्थायी लेखा नं. ६०४३५८८७३, मिति २०७३/०८/१४ **संचालकहरुः कमल बहादुर कार्की, रघुनाथ पंजियार र धर्मेन्द कुमार साह तेली** **कर्जा शिर्षकः ओभरड्राफ्ट, डिमाण्ड, आवधिक, फोर्स तथा अल्पकालिन कर्जा**	**रघुनाथ पंजियार** ना.प्र.नं. ४४१३१८८८, जारी मितिः २०४४/११/०८ जि.प्र.का. धनुषा बाबुको नामः सुबध पजियार बाजेको नामः सोमन पजियार स्थायी ठेगानाः कनकपट्टी -६, धनुषा हालको ठेगानाः काठमाण्डौं म.न.पा. -९, काठमाण्डौं	**कमल बहादुर कार्की** ना.प्र.नं. ३९१०७, जारी मितिः २०६१/०८/२८ जि.प्र.का. सिन्धुली बाबुको नामः जीत बहादुर कार्की बाजेको नामः शेर बहादुर कार्की स्थायी ठेगानाः दुधौली - ८, सिन्धुली हालको ठेगानाः काठमाण्डौं म.न.पा. -८, काठमाण्डौं

संचालक तथा जमानत दिनेको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
धर्मेन्द कुमार साह तेली ना.प्र.नं. ५२५२२९८६ जारी मितिः २०४४/०३/२९ जि.प्र.का. महोत्तरी बाबुको नामः राम अनुग्रह साह तेली बाजेको नामः मेरुखी साह स्थायी ठेगानाः लोहारपट्टी -२, महोत्तरी हालको ठेगानाः जनकपुर उ.म.न.पा. वडा नं. १४	**रोशनी कार्की** ना.प्र.नं. २०-०१-६९-००६२३ जारी मितिः २०६९-०७-२२ जि.प्र.का. काठमाडौं बाबुको नामः रुप बहादुर खड्का पतिको नामः कमल बहादुर कार्की ससुराको नामः जीत बहादुर कार्की स्थायी ठेगानाः काठमाण्डौं म.न.पा. -८, काठमाण्डौं	**मंजु पजियार** ना.प्र.नं. १७८११३६०१० जारी मितिः २०५९/०८/०९ जि.प्र.का. धनुषा बाबुको नामः नारायण महासेठ पतिको नामः रघुनाथ पजियार ससुराको नामः सुबध पजियार स्थायी ठेगानाः सखुवा महेन्दनगर - १, धनुषा हालको ठेगानाः काठमाण्डौं म.न.पा. -९	**सीमा कुमारी साह** ना.प्र.नं. ९२४/१७३२०३३२ जारी मितिः २०४४/११/०६ जि.प्र.का. बारा, कलैया बाबुको नामः राम प्रसाद साह पतिको नामः धर्मेन्द कुमार साह तेली ससुराको नामः राम अनुग्रह साह तेली स्थायी ठेगानाः ब्रहमपुरी - १, बारा हालको ठेगानाः जनकपुर उ.म.न.पा. वडा नं. १४

धितोको विवरण
घर/जग्गाको विवरण

१. राम प्रसाद साहको छोरी, राम अनुग्रह साहको बुहारी, धर्मेन्द कुमार साह तेलीको पत्नी, सीमा कुमारी साहको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १४ (राजदरबार होटल नजिक) स्थित कि.नं. ३७ र १३० को क्षेत्रफल क्रमशः ०-२-१०-० र ०-१-०-२.२५ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. रुप बहादुर खड्काको छोरी, जीत बहादुर कार्कीको बुहारी, कमल बहादुर कार्कीको पत्नी, रोशनी कार्कीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ८ (गौरिघाट चोक नजिक) स्थित कि.नं. ३५४ को क्षेत्रफल ०-३-२-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. मेरुखी साहको नाति, राम अनुग्रह साह तेलीको छोरा, धर्मेन्द कुमार साह तेलीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १४ (राजदरबार होटल नजिक) स्थित कि.नं. ८२, ५२, ४१, ५२ र ९३ को क्षेत्रफल क्रमश : ०-२-७-२, ०-०-१२-०, ०-०-१२-२, ०-०-१४-३.५ र ०-०-५-०.५ विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. मेरुखी साहको नाति, राम अनुग्रह साह तेलीको छोरा, धर्मेन्द कुमार साह तेलीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेस्ता कायम रहेको महोत्तरी जिल्ला लोहारपट्टी गा.वि.स./न.पा. वडा नं. ७ (लोहारपट्टी चोक नजिक) स्थित कि.नं. ११०० को क्षेत्रफल ०-२-१२-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

चाराली शाखा, झापा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
सन्जय निरौला ना.प्र.नं. ०४१००१/१२५४ जारी मिति २०६७/०३/०९, जि.प्र.का. झापा बाबुको नामः भरत बहादुर निरौला बाजेको नामः सर्वजित निरौला स्थायी ठेगानाः मेचिनगर न.पा. -१, झापा **कर्जा शिर्षकः घर कर्जा**	**भरत बहादुर निरौला** ना.प्र.नं. ०५३१,१३२६, जारी मितिः २०४४/१२/१४ जि.प्र.का. झापा बाबुको नामः सर्वजित निरौला बाजेको नामः भिम बहादुर निरौला स्थायी ठेगानाः बाहुनडाँगी -९, झापा हालको ठेगानाः मेचिनगर न.पा. -१, झापा	**शकुन्तला कटुवाल** ना.प्र.नं. ११४५८/६९५ जारी मितिः २०४४/१२/०५, जि.प्र.का. इलाम बाबुको नामः इन्द्र बहादुर कटुवाल पतिको नामः भरत बहादुर निरौला ससुराको नामः सर्वजित निरौला स्थायी ठेगानाः कन्याम -९, इलाम हालको ठेगानाः मेचिनगर न.पा. -१, झापा	**थोपा निरौला** ना.प्र.नं. ०४-३-०१/१७२ जारी मितिः २०७०/०१/२० जि.प्र.का. झापा बाबुको नामः भरत ब. निरौला बाजेको नामः सर्वजित निरौला स्थायी ठेगानाः बाहुनडाँगी -९, झापा हालको ठेगानाः मेचिनगर न.पा. -१, झापा

धितोको विवरण
घरजग्गाको विवरण

इन्द्र बहादुर कटुवालको छोरी, सर्वजित निरौलाको बुहारी, भरत बहादुर निरौलाको पत्नी, शकुन्तला कटुवालको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला बाहुनडाँगी गा.वि.स/न.पा. वडा नं. ९ ग (मेची नगर न.पा. वडा नं. १ को कार्यालय नजिक) स्थित कि.नं. १४२५ को क्षेत्रफल ०-४-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

कुश्मीसेरा शाखा, बाग्लुङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. जैमिनी नगरपालिका, वडा नं. १, वडा कार्यालय, जैमिनी बाग्लुङ, गण्डकी प्रदेशमा दर्ता नं. २३१ अन्तर्गत मिति २०७७/१०/१२ मा दर्ता कायम भएको **हमाल कृषि तथा पशुपंक्षी फर्म** फर्म दर्ता ठेगाना : जैमिनी - १, बाग्लुङ स्थायी लेखा नं. ६१४९९४६६५, मिति २०७७/१०/१८ **प्रोप्राइटरः खंगी हमाल** **कर्जा शिर्षकः कृषि आवधिक कर्जा** २. **खंगी हमाल** **कर्जा शिर्षकः आवधिक कर्जा**	**गोबिन्द बहादुर हमाल** ना.प्र.नं. ३६२७/३२ जारी मिति २०५६/०९/२५ जि.प्र.का. बाग्लुङ बाबुको नामः कृष्ण बहादुर हमाल बाजेको नामः कर्ण बहादुर हमाल स्थायी ठेगानाः दमेक - २, वाग्लुङ हालको ठेगानाः जैमिनी न.पा. - १, बाग्लुङ	**खंगी हमाल** ना.प्र.नं. ५०१०२५/१८६९८ जारी मिति २०६७/०२/०५, जि.प्र.का. बाग्लुङ बाबुको नामः टेक बहादुर हमाल पतिको नामः गोबिन्द बहादुर हमाल ससुराको नामः कृष्ण बहादुर हमाल स्थायी ठेगानाः दमेक - २, वाग्लुङ हालको ठेगानाः जैमिनी न.पा. - १, बाग्लुङ

धितोको विवरण
जग्गाको विवरण

कृष्ण बहादुर हमालकी बुहारी, गोबिन्द बहादुर हमालकी पत्नी, खंगी हमालको नाममा मालपोत कार्यालय बाग्लुङमा दर्ता श्रेस्ता कायम रहेको बाग्लुङ जिल्ला कुस्मी गा.वि.स/न.पा. वडा नं. ३ (ग्लोबल आइएमई बैंक कुश्मीसेरा शाखा नजिक) स्थित कि.नं. २१७९ को क्षेत्रफल ०-८-२-१ रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

चन्द्रपुर शाखा, रौतहट

ऋणीको विवरण	धितोको विवरण (जग्गाको विवरण)
नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौरमा प्रा.फ.र.नं. ५४८८/२३५ अन्तर्गत मिति २०७४/०७/०७ मा दर्ता कायम भएको **ओम ट्रेडर्स** फर्म दर्ता ठेगाना : चन्द्रपुर न.पा. - १०, रौतहट स्थायी लेखा नं. ६०७०७०८५९, मिति २०७४/०७/०७ **प्रोपाइटरः भैरव चौधरी** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा फोर्स कर्जा**	लखपत चौधरीको नाति, सुखल चौधरीको छोरा, भैरव चौधरीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहापुर, रौतहटमा दर्ता श्रेस्ता कायम रहेको रौतहट जिल्ला डुमरीया मटियौन गा.वि.स./न.पा. वडा नं. १ (डुमरीया चोक नजिक) स्थित कि.नं. ६९१ को क्षेत्रफल ०-१-२.५-० बिगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानत दिनेको विवरण		
भैरव चौधरी ना.प्र.नं. २६१०, जारी मितिः २०४१/०८/१३ जि.प्र.का. रौतहट बाबुको नामः सुखल चौधरी बाजेको नामः लखपत चौधरी स्थायी ठेगानाः डुमरीया मटियौन - ६, रौतहट हालको ठेगानाः चन्द्रपुर न.पा. - १०, रौतहट	**वसन्ती देवी चौधरी** ना.प्र.नं. ३२३७६२, जारी मितिः २०४६/०३/१८ जि.प्र.का. रौतहट बाबुको नामः राम चरण चौधरी पतिको नामः भैरव चौधरी ससुराको नामः सुखल चौधरी स्थायी ठेगानाः डुमरीया मटियौन- ६, रौतहट हालको ठेगानाः चन्द्रपुर न.पा. - १०, रौतहट	**सरोज कुमार चौधरी** ना.प्र.नं. ३२२०८२/३८५, जारी मितिः २०६९/०१/२६ जि.प्र.का. रौतहट बाबुको नामः भैरव चौधरी बाजेको नामः सुखल चौधरी स्थायी ठेगानाः डुमरीया मटियौन - ६, रौतहट हालको ठेगानाः चन्द्रपुर न.पा. - १०, रौतहट

पुरानो बानेश्वर शाखा, काठमाडौं

ऋणीको विवरण	धितोको विवरण (घरजग्गाको विवरण)
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ३२१०९३/०८०/०८१ अन्तर्गत मिति २०८०/०६/१८ मा दर्ता कायम भएको **अन्किशा सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. - ५, काठमाडौं स्थायी लेखा नं. ६१९७८५९०५ मिति २०८०/०६/२१ **संचालकहरुः सुष्मा थापा मगर र निशा सुबेदी** **कर्जा शिर्षकः ओभरड्राफ्ट, फोर्स तथा अल्पकालिन कर्जा** २. **निशा सुवेदी** **कर्जा शिर्षकः घर कर्जा**	आत्माराम सुवेदीको छोरी, विष्णु प्रसाद पुडासैनीको बुहारी, सरोज पुडासैनीको पत्नी, निशा सुबेदीको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला काठमाडौं (डिल्लीबजार) म.न.पा. वडा नं. १६ (गार्डेन मार्ट नजिक) स्थित कि.नं. ३५५ को क्षेत्रफल ०-५-०-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण		व्यक्तिगत जमानत दिनेको विवरण	
सुष्मा थापा मगर ना.प्र.नं. ५१/३३९५५, जारी मितिः २०६३/०१/२५ जि.प्र.का. मकवानपुर बाबुको नामः मान बहादुर थापा पतिको नामः भोट बहादुर थापा मगर ससुराको नामः तलक बहादुर थापा मगर स्थायी ठेगानाः मकवानपुरगढी -३, मकवानपुर हालको ठेगानाः काठमाडौं म.न.पा. -७ काठमाडौं **(ऋणी अन्किशा सप्लायर्स प्रा.लि.का लागि मात्र जमानत रहेको)**	**निशा सुवेदी** ना.प्र.नं. ३७-०१-७०-१३४४९, रुपन्देही जारी मितिः २०७०/१०/२८ जि.प्र.का. मकवानपुर बाबुको नामः आत्माराम सुवेदी पतिको नामः सरोज पुडासैनी ससुराको नामः विष्णु प्रसाद पुडासैनी स्थायी ठेगानाः हेटौडा उ.म.न.पा. -२, मकवानपुर हालको ठेगानाः काठमाडौं म.न.पा. -७ काठमाडौं	**भोट बहादुर थापा मगर** ना.प्र.नं. १९३, जारी मितिः २०४४/११/१६ जि.प्र.का. मकवानपुर बाबुको नामः तलक बहादुर थापा मगर बाजेको नामः डिले सिंह थापा मगर स्थायी ठेगानाः गढी - ३, मकवानपुर हालको ठेगानाः काठमाडौं म.न.पा. -७ काठमाडौं **(ऋणी अन्किशा सप्लायर्स प्रा.लि.का लागि मात्र जमानत रहेको)**	**सरोज पुडासैनी** ना.प्र.नं. ७३४, जारी मितिः २०५१/०५/२८ जि.प्र.का. मकवानपुर बाबुको नामः विष्णु प्रसाद पुडासैनी बाजेको नामः हुद्दराज पुडासैनी स्थायी ठेगानाः हेटौडा उ.म.न.पा. -२, मकवानपुर हालको ठेगानाः काठमाडौं म.न.पा. -७ काठमाडौं

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्तादिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१ फागुन ६ गते (कार्यालय समय भित्र), बोलपत्र खोलिने मितिः २०८१ फागुन ८ गते
समयः दिउँसो ३ बजे, स्थानः सम्बन्धित शाखा कार्यालयमा

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

ट्रम्प फर्किएसँगै बदलिँदै छ चीन–भारत सम्बन्ध

सम्बन्धमा आएको सुधारसँगै भारतीय अधिकारीहरूले देशमा चिनियाँ लगानी आकर्षित गर्न नयाँ रुचि देखाएका छन्

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ह्वाइट हाउस फर्कनुभन्दा केही अघि ब्रिक्स समूहका सदस्य राष्ट्रहरूलाई एउटा चेतावनी दिए। ट्रम्पले आफ्नो स्वामित्वमा रहेको सामाजिक सञ्जाल प्लाटफर्म 'ट्रुथ सोसियल'मार्फत नौ सदस्य रहेको उक्त समूहलाई डलरको विश्वव्यापी प्रभुत्वलाई चुनौती दिने प्रयास नगर्न चेतावनी दिए। आफूले भनेजस्तो नभएर ती मुलुकका सामान अमेरिका आयात हुँदा १०० प्रतिशत भन्सार कर लगाउने उनको धम्की थियो। ब्रिक्सविरुद्ध आक्रोश पोख्दा ट्रम्पले आफ्नो सहयोगी मुलुक भए पनि यसको संस्थापक सदस्य भारतलाई पनि बाँकी छाडेका थिएनन्।

हुन त हालसम्म भारतले डलरप्रतिको आफ्नो प्रतिबद्धतालाई दोहोऱ्याएर ट्रम्प प्रशासनसँगको सम्भावित टकरावबाट जोगिएको छ। तर, समय-समयमा हुने यस्तै नीतिगत फेरबदलका कारणले भारत सरकार अहिले चुपचाप चीनसँग नजिकिरहेको छ, जसले ठुलो भूराजनीतिक परिवर्तन निम्त्याउन सक्छ। हुन त ट्रम्पको आगमनदेखि नै चीन-भारत सम्बन्धमा देखिने गरी न्यानोपन बढ्न थालेको थियो। सम्बन्धले अहिले तीव्रता पाएको हो।

• देवाशिष रोय चौधरी

हङकङमा पत्रकारिता गरिरहेका चौधरीले मानव अधिकार प्रेस पुरस्कारलगायत धेरै अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरेका छन्।

गत अक्टोबरमा चीन र भारतले आफ्नो हिमाली सिमानामा वर्षौंदेखिको सैन्य गतिरोध अन्त्य गर्ने सम्झौता गरे। उक्त सम्झौताले रुसको काजानमा भएको ब्रिक्स शिखर सम्मेलनको अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच बैठकको आधार तयार गऱ्यो। सम्बन्धमा आएको सुधारसँगै भारतीय अधिकारीहरूले देशमा चिनियाँ लगानी आकर्षित गर्न नयाँ रुचि देखाएका छन्।

चीनसँगको सम्बन्ध सुधारिँदै जाँदा अमेरिका-भारत सम्बन्ध भने चिसिँदै गएको देखिन्छ। गत अगस्ट महिनामा जनआन्दोलनको बलमा भारतनिकट मानिने बंगलादेशी प्रधानमन्त्री शेख हसिना पदच्युत भइन्। यसलाई मोदीनजिकका सञ्चारमाध्यम, सामाजिक सञ्जालका व्यक्तित्व र हिन्दु अतिवादी समूहहरूले 'सिआइए प्रायोजित सत्ता परिवर्तनको कदम'को रूपमा चित्रण गरे। कतिपयले भारतलाई अस्थिर बनाउन अमेरिकाको 'डिप स्टेट'बाट थप प्रयास हुने चेतावनीसमेत दिएका छन्।

मोदी नेतृत्वको भारतीय सत्तारूढ दल 'भारतीय जनता पार्टी(भाजपा)'ले त्यसवेलादेखि अमेरिकीविरोधी भावनालाई उचालिरहेको छ। त्यही समयतिर भारतीय अर्बपति व्यापारी गौतम अडानीलाई अमेरिकामा धितोपत्र ठगी र घुसखोरीको आरोप लाग्यो। मोदीनिकट मानिने अडानीमाथि लागेको यस आरोपलाई पनि भारत सरकारलाई कमजोर पार्ने प्रयासका रूपमा व्याख्या गरिँदै छ। अमेरिकाविरुद्ध भाजपाले प्रयोग गरिहेको बयानबाजी शीतयुद्धकालीन समयको सम्झना दिलाउने खालको छ। शीतयुद्धमा नामले मात्र 'असंलग्न' भनिने भारत अमेरिकी हस्तक्षेपको डरले सोभियत संघसँग नजिक थियो।

यो परिवर्तन धेरै पक्षबाट निर्देशित छ। जसमा मुख्य भूमिका अमेरिकाको समर्थनमा आइरहेको क्षयीकरण र वैश्विक नेतृत्वप्रति उसको घट्दो इच्छाले खेलेको छ। त्यस्तै, आंशिक प्रभाव चीन र भारतबिच आफ्नो हित सबल बनाउने प्रयास पनि छ। विश्वव्यापीकरणले विश्व अर्थतन्त्रलाई नै पुनः आकार दिइरहेको समयमा, अमेरिकासँग अब भारतजस्ता देशहरूलाई दिन धेरै कुरा बाँकी छैन। यसविपरीत, आजको दिनमा विश्वव्यापी आपूर्ति शृंखलामा, चीन उत्पादनको महाशक्ति राष्ट्र हो। यसलाई, विश्वमा हुने कुल औद्योगिक उत्पादनको ३१ प्रतिशत हिस्सा चीन मात्र हुने तथ्यले देखाउँछ।

औद्योगिक आधार विस्तार गर्ने भारतको प्रयासलाई चीनले सघाउन सक्छ। भारत सरकारको वार्षिक आर्थिक सर्वेक्षणले नै यस अनिवार्यतामाथि प्रकाश पारेको छ। सर्वेक्षणले 'भारतीय उत्पादनलाई बढावा दिन र भारतलाई विश्वव्यापी आपूर्ति शृंखलामा जोड्न चीनको आपूर्ति शृंखलामा जोड्नुपर्ने'मा जोड दिएको छ। यसका लागि, प्रतिवेदनले चिनियाँ विदेशी प्रत्यक्ष लगानी (एफडिआई) आकर्षित गर्न केन्द्रित व्यावहारिक दृष्टिकोणको वकालत गरेको छ।

> ट्रम्पले डलरको विश्वव्यापी प्रभुत्वलाई चुनौती दिने कुनै पनि देशविरुद्ध भारी भन्सार कर लगाउने धम्की दिँदै गर्दा भारतले चुपचाप चीनसँग नरम हुने नीति लिएको छ। यो विकासक्रम आंशिक रूपमा यी दुई देशको आफ्नो हित सबल बनाउने प्रयासबाट सञ्चालित भए पनि यसले ठुलो भूराजनीतिक परिवर्तन निम्त्याउन सक्छ।

केहीअघिसम्म भारतमा चीनसँग सहकार्य बढाउने विषयमा खुला सरकारी समर्थन कल्पनासमेत गर्न सकिँदैनथ्यो। सन् १९६२ मा चीनसँग युद्ध लडेदेखि भारतले सो छिमेकी मुलुकसँग शत्रुतापूर्ण सम्बन्ध कायम राख्दै आएको छ। सन् २०२० मा भारतको लद्दाख क्षेत्रमा चिनियाँ फौजसँग भएको झडपमा २० भारतीय सैनिक मारिएपछि नयाँदिल्लीले चिनियाँ लगानी र आयातमा झन् व्यापक कडाइ गऱ्यो। उसले कार्यकारी भिसामा समेत सीमा तोक्यो। चिनियाँ एप भारतीय प्रयोगकर्ताका मोबाइलमा चल्न छाडे। तर, यी कदमले उल्टो चिनियाँ आयातमा निर्भर भारतीय व्यवसायलाई नै नोक्सान पुऱ्यायो। यसले भारतलाई आवश्यक रहेको महत्त्वपूर्ण लगानीबाट वञ्चित हुनपुग्यो। भारतले वैदेशिक प्रत्यक्ष लगानी (एफडिआई)मा गिरावट सामना गरिरहेकै समयमा चिनियाँ लगानीमा प्रतिबन्ध गरेको थियो।

विश्वव्यापी आपूर्ति शृंखला चीनबाट अन्यत्र सर्न थालेको छ। चिनियाँ उत्पादक पश्चिमासँग सुमधुर सम्बन्ध भएका र पश्चिमसँग नजिक भूभागमा आफ्ना आधार सारिरहेका छन्। चीनले हरित परियोजनामा गर्ने लगानी सन् २०२३ मा एक वर्षअघिको भन्दा तीन गुणा बढेर १६० अर्ब डलर पुग्यो। त्यसको ठुलो हिस्सा भियतनाम, इन्डोनेसिया, हंगेरी र सर्बियाजस्ता देशहरूमा गयो। उच्च बेरोजगारी र युवाहरूमाझ उच्च बेरोजगारीसँग जुधिरहेको भारत यस प्रवृत्तिबाट फाइदा लिन उत्सुक छ।

कुनै समय 'एफडिआई'को प्रमुख स्रोत अमेरिका अहिले घरेलु उत्पादनलाई बढाउन लागेकाले भारतसँग लगानीका लागि प्रतिस्पर्धा गरिरहेको छ। ट्रम्पको नेतृत्वमा यो प्रतिस्पर्धा थप तीव्र हुने अपेक्षा गरिएको छ। भारत अहिले कैयौँ चिनियाँ लगानी धमाधम अनुमोदन गरिरहेको छ। उसले चिनियाँ लगानी आकर्षित गर्नकै लागि चिनियाँ व्यवसाय र कार्यकारीहरूलाई द्रुत भिसासहितका छुटसमेत प्रदान गर्न थालेको छ। भारतको 'मार्ग परिवर्तन' चीनको स्वार्थसँग मिल्न जान्छ। चीनले आर्थिक मन्दी सामना गर्दा त्यहाँका व्यवसायीहरूले भारतको द्रुत रूपमा बढिरहेको बजारमा चासो दिन थालेका छन्।

भारत यस दशकको अन्त्यसम्ममा विश्वको तेस्रो ठुलो अर्थतन्त्र बन्ने अनुमान गरिएको छ। भारतसँग लेनदेन बढाएर चीनले आफ्नो भूराजनीतिक वृद्धिलाई नियन्त्रण गर्ने अमेरिकी प्रयासविरुद्ध एक प्रमुख 'बफर' हासिल गर्नेछ। यसबाहेक, विश्वको ध्यान अमेरिका र चीनबिचको बढ्दो भन्सार युद्धमा केन्द्रित भए पनि भारतले अमेरिकाबाट आफ्नै कठिनाइ भोगिरहेको छ। भारतलाई बारम्बार 'भन्सारको ठुलो दुरुपयोगकर्ता'को आरोप लगाउने गरेका ट्रम्पले आफ्नो पहिलो कार्यकालमा भारतले पाएको 'प्राथमिक व्यापारको हैसियत' खारेज गरिदिएका छन्। योसँगै भारतमाथि थप दण्डात्मक कदमको सम्भावना बढेको छ।

उसो त अमेरिकाले 'प्रमुख रक्षा साझेदार' घोषणा गरेका भारतले चीनसँगको घनिष्ठ सम्बन्धका लागि अमेरिकासँगको रणनीतिक सम्बन्ध त्याग्ने सम्भावना कम छ। तर, 'ग्लोबल साउथ'का अन्य उदीयमान शक्तिहरूजस्तै भारत पनि अमेरिका नेतृत्वको उदार अन्तर्राष्ट्रिय व्यवस्थामा अन्तरनिहित भेदभाव र डलरको प्रभुत्वबाट निराश छ। अमेरिकाले समय-समयमा अल्पसंख्यकहरूप्रति भारत सरकारको व्यवहार ठिक नभएको भनेर आलोचना गर्दा यो विषयले झन् प्रधानता पाउँछ। देशभित्र लोकतान्त्रिक संस्थालाई कमजोर बनाएको र मिडियामाथि कठोर नियन्त्रण कायम गरेको मोदी सरकार कुनै पनि अन्तर्राष्ट्रिय आलोचनाले रुष्ट हुने गर्छ।

ख) आर्थिक वर्ष २०८१/०८२ को पौष मसान्तको दोस्रो त्रैमासीक अवधि सम्म रु. ६,७४,५३,२५७।२० बराबरको विद्युत उत्पादन गरि नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरि र मुद्धतीबाट ब्याज आम्दानी २,२५,३८,०८२।८४ गरि कुल ८,९९,९१,३४०।०४ रुपैंया आम्दानी गरेको छ।
ग) उक्त वासलातको आधारमा कम्पनिको प्रमुख वित्तिय अनुपात निम्नानुसार छ।

प्रतिशेयर आम्दानी (रु)	(०।१०)	प्रतिशेयर कुल सम्पत्तिको मुल्य (रु)	१५५।३७
प्रतिशेयर नेटवर्थ (रु)	९८।२०	प्रति शेयर बजार मुल्य (रु)	२०४
तरलता अनुपात	९।७७	मुल्य आम्दानी अनुपात	(१९८२।७८)

२) व्यावसायिक विश्लेषण
कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने घटनाहरु:
यस कम्पनीद्धारा निर्माण गरिएको घलेम्दी खोला जलविद्युत आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्रि गरी र मुद्धती बाट प्राप्त हुने ब्याज रकमले आगामी त्रैमासबाट नाफामा सुधार हुदै जाने अपेक्षा गरिएको छ।

३) कानुनी कारवाही सम्बन्धि विवरण
क) यस त्रैमासीक अवधिमा यस कम्पनीको संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला दाएर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
ख) कुनै संस्थापक र संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दाएर गरेको वा भएको जानकारी छैन।

४) संस्थाको शेयर कारोवार सम्बन्धमा
धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमनुसार सामान्य प्रकृति बाटै भएको छ। यस त्रैमासीक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम मुल्य, कारोवार संस्था नेपाल स्टक एक्सचेन्ज लि. को वेभासाइट अनुसार निम्न लेखिए बमोजिम रहेको छ।

अधिकतम मुल्य	२४४/-	कारोवार दिन	५५
न्यूनतम मुल्य	१९७/-	कारोवार संख्या	१९,१३७
अन्तिम मुल्य	२०४/-	कारोवार शेयर संख्या	६१,०३,४४१
कारोवार रकम	१,३५,३४,४३,२२३।३०/-		

५) समस्या र चुनौतिहरु
यस कम्पनीले बहन गर्नु परेको समस्या र चुनौतिहरु विद्युत उत्पादन सम्बन्धि व्यावसायमा संलग्न अरु कम्पनीहरु सरह नै छन्। आईपर्ने समस्या र चुनौति समाधानका उपायहरु बारे संचालक समितिले समय समयमा संमिक्षा गरि रणनिति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ।

अन्तरजातीय...

पृष्ठ १ बाट क्रमशः

सत्येन्द्रसँग विवाह गरेकी नेहाका बुबा सुरेन्द्र रौनियार व्यापारी हुन् । उनको कांग्रेसका प्रभावशाली नेता गृहमन्त्री रमेश लेखकसम्म पहुँच छ । सोही आधारमा गृहमन्त्रीमार्फत प्रहरी परिचालन गरी रौनियारले सत्येन्द्रलाई थुनाएर छोरीसँगको सम्बन्ध तोड्न खोजेका छन् । छुवाछुत घटनामा अनुसन्धान र कारबाही गर्ने प्रहरी आफैँ यस्तो घटनामा संलग्न भएको छ ।

यसमा गृहमन्त्रीकै निर्देशनमा प्रहरी शक्तिको चरम दुरुपयोग भएको राष्ट्रिय मानव अधिकार आयोगको प्रारम्भिक छानबिनको निष्कर्ष छ । दलित समुदायका पीडित युवकको आर्थिक अवस्था पनि सामान्य भएकाले उनलाई नेहासँग छुटाउने प्रयास भएको हो । एउटै विद्यालय पढेका सत्येन्द्र र नेहा सात कक्षादेखि नै प्रेम सम्बन्धमा थिए । आठ कक्षापछि उनीहरूको विद्यालय फेरियो । स्कुल तह सकिएपछि उनीहरू फेरि प्रेम सम्बन्धमा जोडिए । युवक पढ्नलाई काठमाडौं आए । किशोरी पनि भागेर सँगै आएर बसिन् । दुवैलाई प्रहरी नै लगाएर पक्राउ गरेर छुटाइयो ।

सर्लाहीमा मात्र नभई काठमाडौंमा समेत बस्न नसक्ने भएपछि दुवै भागेर कपिलवस्तु गए । त्यहाँबाट दुवैजना गत २१ मंसिरमा मुम्बई घुम्न पुगे । किशोरीको परिवारले थाहा पाएपछि गृहमन्त्रीलाई भनेर मुम्बईमा विशेष प्रहरी टोली पठाए । गत २५ मंसिरमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका डिएसपी र एक हवल्दार युवतीका बुबा सुरेन्द्रसँगै मुम्बई पुगे । स्रोतका अनुसार उनीहरूको खर्च सुरेन्द्रले नै व्यहोरेका थिए । त्यहाँको प्रहरीसँग समन्वय गरी किशोर-किशोरीलाई पक्राउ गरी प्लेनमार्फत नै दिल्ली ल्याइयो । दिल्लीबाट सोही दिन प्लेनमै काठमाडौं ल्याउने योजना थियो । तर, टिकट काट्ने क्रममा नेहाको नामको टिकटमा पनि बुबा सुरेन्द्रकै नाम परेपछि दिल्ली विमानस्थलमा समस्या भयो । त्यसपछि सत्येन्द्र र नेहा दुवैले आफूहरू विवाह गरेर आएको, आफूहरूलाई छुटाउनकै लागि गैरकानुनी रूपमा पक्राउ गरिएको त्यहाँका सुरक्षाकर्मीसँग बताए । त्यसपछि विमानस्थलमै हंगामा भयो । पक्राउ गर्न गएको प्रहरी टोली आफूहरू नै समस्यामा पर्न सक्ने डरले उनीहरूलाई छाडेर नेपाल आयो ।

सत्येन्द्र र नेहा सडकबाटो हुँदै कपिलवस्तु पुगे । त्यतिवेलासम्म उनीहरूको विवाहका लागि न्यूनतम २० वर्ष उमेर पनि पुगिसकेको थियो । कपिलवस्तु जिल्ला अदालतमा ३ पुसमा 'कोर्ट म्यारिज' गरे । विवाहपछि दुवैजना ललितपुरको टीकाथलीमा बस्दै आएका थिए । किशोरीका बुबाले फेरि प्रहरी लगाएर युवकलाई थुनाउने योजना बनाए । यसका लागि जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा बालविवाहको जाहेरी दर्ता गराए । त्यसपछि पक्राउका लागि प्रहरी टोली खटाइयो । गत १६ पुसमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले दुवैजनालाई टीकाथलीमै पक्राउ गऱ्यो । युवकलाई बालविवाह मुद्दामा सर्लाही जिल्ला अदालतमा पेस गरियो । युवतीलाई माइती पक्षको जिम्मा लगाइयो । जबकि त्यसवेलासम्म उमेर पुगेरै उनीहरूले विवाह दर्तासमेत गरिसकेका थिए ।

प्रहरी स्रोतका अनुसार गृहमन्त्री लेखकले प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवर र अपराध अनुसन्धान कार्यालयका तत्कालीन प्रमुख एसएसपी सानुराम भट्टराईलाई भनेर उनीहरूलाई पक्राउ गरेर ल्याउन टोली भारत पठाएका हुन् । गम्भीर किसिमका मुद्दाका फरार अभियुक्तहरू पक्राउ गर्न मात्र यसरी विशेष टोली विदेश जाने गरेको छ । अपराध अनुसन्धान कार्यालयकै एक प्रहरी भन्छन्, 'अन्तरजातीय विवाह गर्ने टोलीलाई पक्राउ गर्न नेपाल प्रहरीको टोली यसरी विदेशमा खटिएको सायद यो पहिलो घटना होला, बर्दीमै दाग लाग्ने काम भयो ।'

अपराध अनुसन्धान कार्यालयका तत्कालीन प्रमुख एसएसपी सानुराम भट्टराईले सर्लाही जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएकाले सत्येन्द्रलाई पक्राउ गरेर सर्लाही पठाइएको, तर सोही केसमा आफ्नो टोली भारत गएको विषय भने याद नभएको बताए । 'विभिन्न केसमा टोलीहरू भारत गइरहेका हुन्छन्,' उनले भने, 'तर, यो केसमा भने ठ्याक्कै याद भएन ।'

सत्येन्द्र र नेहालाई पक्राउ गर्न डिएसपीको नेतृत्वमा भारत गएका हवल्दार इन्द्र पोखरेलसँग राष्ट्रिय मानव अधिकार आयोगले समेत बयान लिइसकेको छ । आफू एसएसपीको आदेशमा गएको उनले बताएका छन् । हवल्दार पोखरेलले सत्येन्द्रलाई पक्राउ गरेपछि कुटपिटसमेत गरेको उजुरीमा उल्लेख छ । घटनामा संलग्न अन्य प्रहरीमाथि समेत आयोगले छानबिनमा बोलाएको छ ।

'यो घटनामा प्रहरीले शक्तिको चरम दुरुपयोग गरेको देखिन्छ,' अनुसन्धानमा आबद्ध आयोगका एक अधिकारी भन्छन्, 'हामीले गम्भीर रूपमा छानबिन गरिरहेका छौँ ।' आयोगका सचिव मुरारी खरेलले सो घटनामा उजुरी आएको पुष्टि गर्दै छानबिन सकिएपछि मात्र विस्तृत बताउन मिल्ने बताए ।

सर्वोच्चले नेहालाई सत्येन्द्रकै जिम्मा लगायो

माइती पक्षले सत्येन्द्रविरुद्ध सर्लाहीमा बालविवाह मुद्दा दर्ता गरेपछि नेहालाई बन्धक बनाएर राखेको थियो । २२ पुसमा सत्येन्द्रले नेहाको तर्फबाट सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरे । जसमा सर्वोच्चले आइतबार रिट जारी गरी नेहालाई सत्येन्द्रकै जिम्मा लगाएको छ । जन्मदर्ताका आधारमा दुवैको विवाह गर्ने उमेर पुगेको अवस्थामा परिवारबाट छुटाउने प्रयास गलत भएको सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको इजलासको ठहर छ । अदालतले तीनपटक आदेश दिएपछि मात्र सुरेन्द्र रौनियारले आइतबार बल्ल अदालतमा छोरीलाई उपस्थित गराएका थिए ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'यी रिट निवेदक नेहा रौनियारलाई समेत यिनका बाबु सुरेन्द्र साह रौनियारले सत्येन्द्रकुमार रामसँग गरिएको विवाहबाट छुटाउने उद्देश्यले निजलाई घरमा नै राखी निजको श्रीमान्सँग भेटघाट गर्न तथा पारिवारिक जीवन व्यतीत गर्नसमेत बाधा-अवरोध पुऱ्याउने उद्देश्यले बन्धक बनाई निजको संवैधानिक र कानुनी हकसमेतमा बाधा पारेको देखियो ।'

अदालतको बन्द इजलासमा न्यायाधीशसँग नेहाले श्रीमान्सँगै बस्ने इच्छा व्यक्त गरेकी थिइन् । अदालतको आदेशमा भनिएको छ, '...इजलाससमक्ष उपस्थित गराइएकोमा निजको विवाहको सम्बन्धमा निजको इच्छा मञ्जुरी सम्बन्धमा सोधनी गर्दा निज आफ्नो विवाहमा दृढ रहेको र निजले आफ्नो श्रीमान्सँग सँगै जाने इच्छा व्यक्त गरेकाले निजको बुबा सुरेन्द्र साह, निजकी आमा र निजको पति सत्येन्द्रकुमार रामसमेतको कुरा सुनी निज नेहा रौनियारलाई निजको बुबा-आमाको साथबाट निजको श्रीमान् सत्येन्द्रकुमार रामको साथमा सँगै जान पाउने देखिन आयो ।' इजलासको आदेशअनुसार सर्वोच्चको मुद्दा महाशाखाको प्रमुखको रोहवरमा नेहालाई सत्येन्द्रको जिम्मा लगाइएको छ । तर, अझै पनि आफूमाथि प्रहरी दमन हुन सक्ने चिन्ता सत्येन्द्रको छ ।

सत्येन्द्रको पक्षमा सर्वोच्चमा बहस गरेकी राष्ट्रिय मानव अधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारी केटा दलित भएकै आधारमा यसरी प्रहरी शक्ति दुरुपयोग गरेर छुटाउने प्रयास गरिएको बताउँछिन् । 'दलित भएकै आधारमा यसरी प्रहरी र परिवारले उनीहरूलाई यातना दिएको देखिन्छ,' उनी भन्छिन्, 'राज्यले नै यसरी दमन गर्न थालेपछि मानव अधिकारको संरक्षण कसले गर्ने ?'

नेहामाथि माइतीबाट चरम यातनासमेत भएको छ । मानसिक यातनासँगै शरीरमा आइरन लगाउने कामसमेत भएको छ । तर, त्यस विषयमा प्रहरीले सुन्दै नसुनी गृहमन्त्रीको दबाबका कारण छुटाउन मात्र प्रयास गरेको छ । स्रोतका अनुसार पीडित युवकका बुबासमेत प्रहरीमै कार्यरत छन् । तर, उनी तल्लो तहमा कार्यरत रहेकाले छोरामाथि अन्याय हुँदा पनि उनको कुरा सुनुवाइ हुन सकेको छैन ।

एउटा अदालतमा विवाह दर्ता भइसकेपछि अर्को अदालतमा बालविवाहको मुद्दा !

यो घटनामा प्रहरीको मात्रै होइन, अदालतको समेत लापरबाही देखिन्छ । अदालतमै विवाह दर्ता भइसकेको अवस्थामा प्रहरीमा बालविवाहको जाहेरी दर्ता गरेर अदालतमा समेत मुद्दा दायर भएको छ । अदालतले विवाह दर्ता भएको विवरण नै नहेरी किशोरसँग धरौटीसमेत माग गरेको छ ।

गत ३ पुसमा जिल्ला अदालत, कपिलवस्तुमा सत्येन्द्र र नेहाबिच विवाह दर्ता भएको थियो । त्यसको ६ दिनपछि अर्थात् ९ पुसमा जिल्ला अदालत सर्लाहीमा बालविवाहको मुद्दा दर्ता भएको थियो । कतिसम्म भने विवाह दर्ता गरिसकेपछि सुरक्षाका लागि जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा समेत युवकले उजुरी दिएका थिए । यस्तो उजुरी प्रशासन कार्यालयले प्रहरीमा पठाउनुपर्ने हुन्छ । तर, प्रहरीले उल्टो बालविवाहको मुद्दा दायर गरेको देखिन्छ ।

उक्त मुद्दामा १६ पुसमा सत्येन्द्रलाई पक्राउ गरी १८ पुसमा अदालतमा पेस गरिएकोमा ३० हजार रुपैयाँ धरौटी माग गरिएको छ । जिल्ला अदालतले समेत अर्को अदालतमा भएको विवाह दर्ताको विवरण झिकाउन नसक्नु उदेकलाग्दो रहेको राष्ट्रिय मानव अधिकार आयोगकी पूर्वसदस्यसमेत रहेकी अधिवक्ता मोहना अन्सारी बताउँछिन् । 'उमेर पुगेर विवाह दर्ता भइसकेको अवस्थामा बालविवाह मुद्दा दर्ता हुनु नै गलत छ,' उनी भन्छिन्, 'अर्कोतर्फ एउटा अदालतले गरेको विवाह दर्ता अर्को अदालतले झिकाउन नसक्नु पनि उदेकलाग्दो छ ।'

बेलायती...

पृष्ठ १ बाट क्रमशः

एडवार्डदम्पतीको भ्रमण तय भएको जानकारी दिएको छ । उनी आगामी आइतबार स्वदेश फर्किने भ्रमणतालिका छ ।

सेनाप्रमुख आएनन्

राजकुमार एडवार्डसँगै बेलायती सेनाप्रमुख (चिफ अफ द जनरल स्टाफ) जनरल रोल्यान्ड वाकर पनि आउने तयारी थियो । तर, अन्तिम समयमा उनको भ्रमण भने रोकिएको छ । 'केही कारणले सेनाप्रमुख अहिले आउन नमिल्ने जानकारी आयो । उहाँ पनि यो भ्रमणमा सँगै भइदिएको भए, भ्रमण झनै महत्त्वपूर्ण हुन्थ्यो,' कूटनीतिक स्रोतले भन्यो ।

आजदेखि...

पृष्ठ १ बाट क्रमशः

लागि ग्लोबल एलायन्स (गाभी)को सहयोगमा ७० करोड पाँच लाख मूल्यको १७ लाख ७० हजार २० डोज खोप ल्याएको छ । यसमा १२ करोड हाराहारी बजेट नेपाल सरकारले खर्च गरेको छ भने अन्य गाभीले व्यहोरेको छ ।

खोप कार्यक्रमका लागि केन्द्रबाट स्वास्थ्य सेवा विभागले समन्वय गरेको छ भने हरेक जिल्लाको जनस्वास्थ्य कार्यालय, पालिका हुँदै विद्यालयबाट खोप वितरण गरिँदै छ । लक्षित समूहलाई सो खोपको पहुँचमा ल्याउन यसअघि नै देशैभरका निजी र सरकारी विद्यालयलाई विभागले परिपत्र गरिसकेको छ । स्वास्थ्य मन्त्रालयका अनुसार देशभरका निजी र सरकारी गरी १८ हजार नौ सय विद्यालयबाट सो खोप लगाइँदै छ । खोप अभियानका लागि सरकारले ५४ हजार १६० स्वयंसेवक परिचालन गरेको छ भने १५ हजार ६७५ सुपरिवेक्षक खटाएको छ । यो अभियानको व्यवस्थापनमा मात्रै तीन करोडभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ ।

स्वास्थ्य सेवा विभाग बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमका अनुसार हाल यो खोप विश्वका १४४ मुलुकमा नियमित प्रयोग भइरहेको छ । यो खोप सन् २००६ देखि प्रयोगमा ल्याइएको हो । भविष्यमा नेपालमा पनि पाठेघरको मुखको क्यान्सर हुनेको संख्या बढ्ने जोखिम देखिएकाले रोकथामका लागि हाल एउटा उमेरतह तोकेर खोप कार्यक्रम गर्न लागिएको हो । यो खोप शारीरिक सम्पर्क तथा यौन क्रियाकलापमा सक्रिय नहुँदैको अवस्थामा दिँदा प्रभावकारी हुने भएकाले १० देखि १४ वर्ष उमेर समूहलाई लक्षित गरिएको छ । विश्वमा महिलालाई सबैभन्दा धेरै स्तन क्यान्सर हुने गरेकामा मृत्युदर भने पाठेघरको मुखको क्यान्सरबाट धेरै रहेको डा. गौतमले बताए । खोप प्रयोग भएका देशमा पनि १० देखि १४ वर्षका बालिकामा प्रभावकारिता बढी देखिएको र कुनै साइडइफेक्ट नभएको बताइएको छ ।

सरकारले यसै वर्षदेखि अब हरेक वर्ष फागुन महिनालाई क्यान्सर स्क्रिनिङ टेस्ट महिनाको रूपमा मनाउने घोषणा गरिसकेको छ । अब हरेक वर्ष फागुन महिनामा एचपिभी खोप लगाइनेछ । हाल दिन लागिएको खोपको नाम 'सिकोलिन' हो जुन चीनले उत्पादन गरेको हो । सिकोलिन खोपलाई विश्व स्वास्थ्य संगठनले नै मान्यता दिइसकेको र विश्वसनीय मानिएकाले खरिद गरिएको डा. गौतमले जानकारी दिए ।

एचपिभी खोप अभियान थाल्नुअघि राष्ट्रिय खोप सल्लाहकार समितिले गत २३ असोजमा स्वास्थ्य मन्त्रालयलाई सिफारिस गरेको थियो । सोही आधारमा मन्त्रालयले ८ कात्तिकमा खोप दिने निर्णय गरेको थियो ।

स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार नेपालमा पाठेघरको मुखको क्यान्सरका कारण वार्षिक एक हजार ३१३ जनाले ज्यान गुमाउँछन् । यो आधारमा दैनिक चार महिलाको पाठेघरको मुखको क्यान्सरले मृत्यु हुने गरेको छ । त्यस्तै, विभागका अनुसार वार्षिक दुई हजार १६९ जनालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ । यही डरलाग्दो तथ्यांकलाई न्यूनीकरण गर्न सरकारले खोप अभियान चलाउन लागेको हो ।

विश्वमा हरेक वर्ष पाँच लाख ७५ हजारभन्दा बढी महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ । यो विश्व स्वास्थ्य संगठनको तथ्यांक हो । यो तथ्यांक आगामी सन् २०३० सम्ममा बढेर सात लाख पुग्ने चेतावनी संगठनको छ । त्यसैले विभिन्न मुलुक यसको रोकथामका लागि खोप अभियानमा लागेका छन् । संगठनकै तथ्यांकअनुसार हरेक वर्ष पाठेघरको क्यान्सरका कारण विश्वमा तीन लाख ११ हजार महिलाको मृत्यु हुने गरेको छ ।

४० करोडको...

पृष्ठ १ बाट क्रमशः

कारबाहीमा परेयता ४४ दिनदेखि ४० करोड भुक्तानीको काम रोकिएको छ ।

मेयर बालेन्द्र शाहका स्वकीयसचिव भूपदेव शाहले सामान्य प्रशासन मन्त्रालयले नयाँ प्रमुख प्रशासकीय अधिकृत नपठाउँदा आर्थिक कारोबारका काममा प्रत्यक्ष असर परेको बताए । 'हामीले पछिल्लोपटक सामान्य प्रशासन मन्त्रालयलाई दुईवटा माग राखेका थियौँ, एउटा नयाँ कार्यकारी पठाउन र अर्को निमित्तलाई आर्थिक अधिकार दिन । तर, यसबारेमा कुनै पनि प्रतिक्रिया आएको छैन,' शाहले भने, 'यता छानबिन समितिले पनि छानबिन सकाएको अवस्था छैन, यो अवस्थामा विभिन्न ठेक्काबापत संघसंस्थालाई ४० करोड भुक्तानी दिन बाँकी सकिएको छैन, जुन तुरुन्त दिनुपर्ने रकम हो । रकम नदिँदा काम लगाउन अप्ठेरो हुने अवस्था आइसक्यो । कर्मचारीको तलबसमेत रोकिएको छ ।'

त्यस्तै, अनियमितताको आरोप लागेका गुरागाईंमाथि छानबिन गर्न गठन गरिएको समितिका संयोजक पूर्वन्यायाधीश शेखरकुमार पौडेलले समेत राजीनामा दिएपछि पछिल्लोपटक पूर्वशिक्षासचिव शंकर पाण्डेको संयोजकत्वमा छानबिन समिति बनेको छ । उक्त छानबिन समितिलाई एक महिनाको समयसीमा तोकिएको छ । छानबिनबाट कुनै निष्कर्ष नआएसम्म गुरागाईंको महानगर फर्किने अवस्था छैन । यो अवस्थामा गुरागाईं भने सामान्य प्रशासन मन्त्रालयसँग सरुवा मागिरहेका छन् ।

सामान्य प्रशासन मन्त्रालयले भने महानगरमा नयाँ प्रमुख प्रशासकीय अधिकृत पठाउन मन्त्रिपरिषद्को निर्णय चाहिने बताएको छ । मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले मन्त्रिपरिषद्बाट तत्काल नयाँ कार्यकारी पठाउन सकिने अवस्था नरहेको बताए ।

'महानगरपालिकाको आन्तरिक छानबिनमा के-के भइरहेको भन्ने थाहा छैन, अर्को कार्यकारी खटाइदिनु भनेर १२ दिनअघि नै चिठी आएको थियो, सरोज गुरागाईं सरको दरबन्दी अन्त नसारीकन त्यहाँ अरू पठाउन मिल्दैन,' उनले भने, 'मन्त्रालयको सिफारिसमा यो निर्णय क्याबिनेटले गर्छ । तर, मन्त्रालयले क्याबिनेटलाई सिफारिस गरेको छैन ।'

हाल महानगरपालिकाको कारबाहीमा परेका गुरागाईं मन्त्रालयलाई जानकारी गराएर घर बिदामा छन् । सामान्यतया कर्मचारीले ९० दिनसम्म घर बिदा पाउने भएकाले मन्त्रालयले त्यसबारेमा सोधीखोजी नगरेको प्रवक्ता पराजुलीले बताए ।

काठमाडौं महानगरपालिका- २८ पुरानो बसपार्कस्थित २३ रोपनीमा निर्माणाधीन भ्यु टावरको नक्सापास गर्दा कानुन मिचेको आरोपमा मेयर शाहले गुरागाईंलाई कारबाही प्रक्रिया अघि बढाएका थिए । ठेकेदार कम्पनीले सम्झौताविपरीत काम गरेको भन्दै महानगरले नक्सापास प्रक्रिया रोके पनि गुरागाईंले आधिकारिक प्रणालीबाट प्रक्रिया नै पूरा नगरी नक्सा स्वीकृति दिएको महानगरको आरोप छ । ५ पुसमा पत्रकार सम्मेलन गर्दै महानगरपालिकाले नियम प्रक्रिया मिचेर नक्सापास भएको सार्वजनिक गरेको थियो । प्रशासकीय अधिकृत गुरागाईं ७ पुसमा कार्यालयमा आएर केही काम गरेर फर्किएका थिए ।

उक्त बसपार्कस्थित टावर निर्माणका लागि ०७१ मा जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स र महानगरबिच सम्झौता भएको थियो । सम्झौताअनुसार ठेकेदार कम्पनीले पाँच वर्षमा भ्यु टावर निर्माण सम्पन्न गर्नुपर्ने थियो । तर, हालसम्म सकेको छैन । यो टावर सुरुमा २९ तला निर्माण गर्ने भनिए पनि भूकम्पका कारण कानुनमा भएको संशोधनले १२ तला बनाउने निर्णय भएको छ ।

महानगरले यसअघि पनि गरेको थियो कर्मचारीमाथि कारबाही

काठमाडौं महानगरपालिकाले नियतवश गल्ती गर्ने कर्मचारीमाथि कारबाही गर्दै आएको छ । एक वर्षअघि स्वास्थ्य विभाग प्रमुख रामप्रसाद पौडेलमाथि महानगरको सुशासन समितिले अध्ययन गरी दोषी ठहर गरेको थियो । कारबाहीका लागि प्रदेश लोकसेवा कार्यालय र अख्तियारलाई सिफारिस गरे पनि पौडेलमाथि कारबाही भने भएन । माथिल्ला निकायले महानगरबाट दोषी ठहर भएको व्यक्तिलाई कारबाही नगरेको स्वकीयसचिव शाहले बताए ।

'यसअघि स्वास्थ्य विभाग प्रमुख दोषी ठहर गरेर कारबाहीका लागि माथिल्लो निकायमा पठाए पनि कारबाही भएन । त्यस्तै, शिक्षा विभागका प्रमुख सीताराम कोइरालाले पनि किर्ते गरेको भेटिएको थियो, कसैले भुलवश तथा नियत सफा राखेर राम्रो गर्न खोज्दा नराम्रो भएको छ भने अर्कै कुरा हो, तर जानाजान कानुन मिच्नेलाई कारबाही गरिरहेका छौँ,' उनले भने, 'अन्य थुप्रै कर्मचारीलाई सुशासन समितिले सम्झाइबुझाइ गरेको छ ।'

विभागीय प्रमुखको कार्यालयमै सिसिटिभी जडान

काठमाडौं महानगरले कर्मचारीले कार्यसम्पादन प्रभावकारी बनाउन कार्यालयभित्रै सिसिटिभी जडान गरेको छ । महानगरले प्रत्येक विभागमा सिसिटिभी जडान गरेपछि कर्मचारीको कार्यसम्पादनमा चुस्तता देखिएको सेवाग्राहीको भनाइ छ ।

ग्वार्को...

पृष्ठ १ बाट क्रमशः

सकिएपछि कम्पनीले हर्जना तिर्ने गरी कामको जिम्मा लिएको थियो ।

शनिबार नयाँ पत्रिका टिम निर्माणस्थल पुग्दा निर्माणसम्बन्धी कुनै पनि गतिविधि भएका थिएनन् । सोमबार नयाँ पत्रिकासँगको कुराकानीमा सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले पनि एक महिनादेखि ग्वार्को फ्लाई ओभरको निर्माण कार्य नभएको पुष्टि गरे । यति मात्र होइन, जानकारी नदिई काम छोडेको कम्पनी सडक विभागसँग औपचारिक सम्पर्कमा छैन । जबकि ठेकेदार कम्पनीले चैत मसान्तभित्र काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएको थियो ।

फ्लाई ओभरको निर्माण कार्यले त्यहाँको ट्राफिक व्यवस्थापन पहिलादेखि नै अस्तव्यस्त छ । सवारीसाधन तथा यात्रु लामो समय जाममा बस्न बाध्य छन् । द्रुत गतिमा काम सकेर समाधान दिनुको सट्टा कम्पनीले निर्माण नै रोकेर सरकारलाई नै चुनौती दिएको छ । निर्माणकै चरणमा समस्या देखिएकाले केही भाग पुनः निर्माण गर्नुपर्ने अवस्था रहेको स्रोतको भनाइ छ, जसले फ्लाई ओभरको काम थप लम्बिनेछ ।

सडक विभागले इपिसी मोडेलमा उक्त आयोजना बनाउने गरी माघ ०७८ मा आरसी, समानान्तर र रेलिग्रे जेभीसँग १७ करोड ६ लाख ८८ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । कम्पनीले २३ पुस ०७९ बाट निर्माण कार्य सुरु गरेको थियो । डिजाइनमा समस्या देखिएपछि त्यसको एक महिनापछि अर्थात् माघ ०७९ मै निर्माण अवरोध भएको थियो । त्यसपछि डिजाइन परिमार्जन गरेर निर्माण सुरु गरिएको थियो ।

सम्झौताअनुसार कम्पनीले १२ फागुन ०८० भित्र फ्लाई ओभरको निर्माण गरिसक्नुपर्ने थियो । तर, त्यो अवधिमा काम नसकिएपछि विभागले असार ०८१ सम्म म्याद थप गरेको थियो । त्यस अवधिमा पनि काम नभएपछि अन्तिम मौकास्वरूप ९ पुस ०८१ सम्म म्याद थप गरिएको थियो ।

तर, कम्पनीले काम सकेन र १० पुसयता हर्जना तिरेर काम गरिरहेको छ । यसमा कम्पनीले ठेक्का रकमको १० प्रतिशतसम्म जरिवाना तिर्नुपर्छ, जुन एक करोड ७० लाख रुपैयाँहाराहारी हुन्छ । हर्जना लाग्ने मितिबाट दुई सय दिनभित्र कम्पनीले काम सम्पन्न गरिसक्नुपर्नेछ । यसमा जति छिटो काम सकिन्छ, त्यति कम जरिवाना लाग्नेछ ।

काम नभएपछि विभागले पहिलोपटक माघ पहिलो साता कम्पनीलाई ठेक्का तोडेर कालोसूचीमा राख्ने चेतावनीसहित 'नोटिस टु करेक्ट' पत्र पठाएको थियो । त्यसको जवाफ सात दिनभित्र आउनुपर्ने थियो । त्यस अवधिमा जवाफ नआएपछि विभागले १५ माघमा दोस्रोपटक कम्पनीलाई 'नोटिस टु करेक्ट' पत्र पठाएको थियो, त्यसको जवाफ कम्पनीले मंगलबारसम्म पेस गर्नुपर्नेछ ।

जवाफ पेस नभएको अवस्थामा विभागले ठेक्का सम्झौता तोडेर कम्पनीलाई कालोसूचीमा समेत राख्न सक्नेछ । सोमबारसम्म औपचारिक जवाफ पेस नगरेको निर्माण कम्पनी अनौपचारिक रूपमा विभागसँग सम्पर्कमा रहेको प्रवक्ता अर्यालले बताए । 'निर्माण कम्पनी सम्पर्कमै नभएको भन्ने होइन । जवाफ पेस गर्ने तथा कसरी काम सुरु गर्ने भनेर आन्तरिक छलफलमा भएको जानकारी आएको छ । कम्पनीबाट समयमै जवाफ पेस हुन्छ भन्नेमा आशावादी छौँ,' उनले भने, 'त्यसपछि काम सुरु हुन्छ भन्ने अपेक्षा छ । हामी पनि कसरी छिटो काम सक्ने भन्नेमा छौँ ।'

यसबारे बुझ्न खोज्दा ठेकेदार कम्पनीका अधिकारीले फोन उठाएनन् ।

कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/१०/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

गठ्ठाघर, भक्तपुर शाखा

१. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण बिभागमा मिति २०६९/१२/०७ मा प्रा.फ.र.नं. ११००९३/०६९/७० कायम भई दर्ता रहेको भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **मनकामना माई इन्टरप्राइजेज** ।
प्रोप्राइटर रविन बराल

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **प्रभा बराल**
ना.प्र.नं.- ५९१/९७४
जारी मिति - २०४१-०१-२२, जि.प्र.का. मोरङ्ग
बाबु - छविलाल पौडेल
बाजे - दाताराम पौडेल
स्थायी ठेगाना- मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा, वडा नं. १५
हालको ठेगाना- भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ०४

२. **सरिता दाहाल**
ना.प्र.नं.- १९३०५१/२५२
जारी मिति - २०७३-१०-०७ जि.प्र.का. सर्लाही
बाबु - खड्क प्रसाद दाहाल
बाजे - नारायण प्रसाद दाहाल
स्थायी ठेगाना- सर्लाही जिल्ला, भक्तिपुर गा.वि.स, वडा नं. ०९,
हालको ठेगाना- भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ०४

३. **राजन प्रसाद बराल**
ना.प्र.नं.- २५५
जारी मिति - २०३३-०७-०१ जि.प्र.का. सुनसरी
बाबु - भवनाथ बराल
बाजे - भक्ति विलास बराल
स्थायी ठेगाना- सुनसरी जिल्ला, छिराहा गा.वि.स, वडा नं. ०६,
हालको ठेगाना- भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ०४,

४. **राजिब बराल**
ना.प्र.नं.- २९-०१-७२-०४४६२
जारी मिति - २०७२-१०-२२, जि.प्र.का. भक्तपुर
बाबु - राजन प्रसाद बराल
बाजे - भवनाथ बराल
स्थायी ठेगाना- भक्तपुर जिल्ला, अनन्तलिङ्गेश्वर न.पा वडा नं. १२,
हालको ठेगाना- भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ०४,

५. **रविन बराल**
ना.प्र.नं.- ८५४६५
जारी मिति - २०६२-०२-३१, जि.प्र.का. भक्तपुर
बाबु - राजन प्रसाद बराल
बाजे - भवनाथ बराल
स्थायी ठेगाना- भक्तपुर जिल्ला, अनन्तलिङ्गेश्वर न.पा वडा नं. १२,
हालको ठेगाना- भक्तपुर जिल्ला, सुर्यविनायक न.पा.वडा नं. ०४,

धितो सुरक्षणको विवरण

१. **प्रभा बराल**को नाममा मालपोत कार्यालय, भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, दधिकोट गा.वि.स/न.पा. वडा नं. ४ स्थित कित्ता नं. ६४१७ र ६७१६ को क्षे.फ. क्रमश: ०-३-१-० र ०-१-१-० (रोपनी) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

ओखलढुंगा शाखा

१. ऋणीको विवरण

१. **सन्तमाया विश्वकर्मा**
ना.प्र.नं.- ६६५७०/१६०४१
जारी मिति - २०६३/०९/२७ जि.प्र.का. ओखलढुङ्गा
बाबु - नर वहादुर कामी
बाजे - धन्से विश्वकर्मा
स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, माधवपुर गा.वि.स., वडा नं.०१
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ०९....१ र
चक्र वहादुर विश्वकर्मा
ना.प्र.नं.- १३-०१-७६-०१३१०
जारी मिति - २०७६/०३/१६ जि.प्र.का. ओखलढुङ्गा
बाबु - डिल्ली वहादुर विश्वकर्मा
बाजे - गफे विश्वकर्मा
स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ०९
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ०९....१ को संयुक्त नाममा

धितो सुरक्षणको विवरण

१. **सन्तमाया विश्वकर्मा**को नाममा मालपोत कार्यालय, ओखलढुङ्गामा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, माधवपुर गा.वि.स./गा.पा. वडा नं. ४ स्थित कित्ता नं. १३८ क्षे.फ. ३-४-०-३ (रोपनी) र ऐ.ऐ वडा नं १ स्थित कित्ता नं. ६०५ को क्षे.फ. ०-४-३-२ (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात समेत ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **डिल्ली वहादुर बिश्वकर्मा**
ना.प्र.नं.- ५४७४/१२४३
जारी मिति - २०४३/१०/२४ जि.प्र.का. ओखलढुङ्गा
बाबु - गफे बिश्वकर्मा
बाजे - रुद्र वहादुर बिश्वकर्मा
स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, माधवपुर गा.वि.स., वडा नं.०१
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ०९

२. ऋणीको विवरण

रमेश चर्मकार
ना.प्र.नं.- १३१०१०/५११
जारी मिति - २०६९/०२/२४ जि.प्र.का. ओखलढुङ्गा
बाबु - बम बहादुर सार्की
बाजे - फुच्चे सार्की
स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, ठुलाछाप गा.वि.स. वडा नं.०४ (साविक सिद्धिचरण न.पा., वडा नं. ०२)
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, सिद्धिचरण न.पा., वडा नं. ०२

धितो सुरक्षणको विवरण

१. **बम बहादुर सार्की**को नाममा मालपोत कार्यालय, ओखलढुंगामा दर्ता कायम रहेको ओखलढुंगा जिल्ला, तलुवा गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कित्ता नं. ३२०, ३२२ र २५५ को क्षे.फ. क्रमश: १-७-१-०, ३-०-१-३ र ४-३-०-० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **बम बहादुर सार्की**
ना.प्र.नं.- १८९१/९६९
जारी मिति - २०४४/१२/१० जि.प्र.का. ओखलढुङ्गा
बाबु - फुच्चे सार्की
बाजे - काले सार्की
स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, ठुलाछाप गा.वि.स., वडा नं.०४
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, सिद्धिचरण न.पा., वडा नं. ०२

२. **पंफा माया सार्की**
ना.प्र.नं.- १८७९/२१३
जारी मिति - २०४४/१२/१० जि.प्र.का. ओखलढुङ्गा
बाबु - सनमान सार्की
पती - बम बहादुर सार्की
स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, ठुलाछाप गा.वि.स. वडा नं.०४
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, सिद्धिचरण न.पा., वडा नं. ०२

३ ऋणीको विवरण

निर बहादुर मगर
ना.प्र.नं.- ६०७५३/८६३३
जारी मिति - २०६२/०२/१७ जि.प्र.का. ओखलढुङ्गा
बाबु - धन बहादुर पुलामी मगर
बाजे - शुभसिंह मगर
स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा., वडा नं. ०५
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा., वडा नं. ०५

धितो सुरक्षणको विवरण

१. **निर बहादुर मगर**को नाममा मालपोत कार्यालय, ओखलढुङ्गामा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २०२७, २०१९ र २०२४ को क्षे.फ. क्रमश: ०-१५-०-०, १-०-१-० र ०-५-२-० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **डम्बर कुमारी मगर**
ना.प्र.नं.- १०५१/२०४
जारी मिति - २०६७/११/१० जि.प्र.का. ओखलढुङ्गा
बाबु - कमल बहादुर मगर
पती - निर बहादुर मगर
स्थायी ठेगाना - ओखलढुङ्गा जिल्ला, माधवपुर गा.वि.स. वडा नं. ०६
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा., वडा नं. ०५

२. **मकर बहादुर पुलामी मगर**
ना.प्र.नं.- २०४/९०१
जारी मिति - २०४४/११/१५ जि.प्र.का. ओखलढुङ्गा
बाबु- ध्यान सिं
बाजे - शुभसीं मगर
स्थायी ठेगाना - ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.वि.स. वडा. नं. ०४
हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा., वडा नं. ०५

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

■ महिला यू-१९ विश्वकप क्रिकेट

आइसिसीको ड्रिम ११ मा नेपालकी पूजा

भारतले लगातार दोस्रोपटक आइसिसी महिला यू-१९ विश्वकप क्रिकेट प्रतियोगिता जितेको छ। आइसिसीले विश्वकपभरि उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी समेटेर ड्रिम ११ टोली घोषणा गरेको छ। ड्रिम ११ मा नेपालकी कप्तान पूजा महतोले पनि स्थान बनाएकी छिन्। सुपर ६ मा नपुगेका राष्ट्रमध्येबाट उनले मात्र स्थान सुरक्षित गरेकी हुन्। ड्रिम ११ मा च्याम्पियन भारतबाट सर्वाधिक चार र उपविजेता दक्षिण अफ्रिकाबाट दुई खेलाडी छनोट भएका छन्। नेपालकी पूजालाई अलराउन्डर खेलाडीका रूपमा आइसिसीले राखेको छ। दक्षिण अफ्रिकाकी कायलालाई कप्तानी जिम्मेवारी दिएको ड्रिम ११ मा १२औँ खेलाडीमा दक्षिण अफ्रिकाकी निनी रहेकी छिन्।

१. त्रिषा गोन्गाडी (भारत)

रन: ३०९, **औसत** : ७७.२५, **उच्च** : १००

भारतले लगातार दोस्रोपटक यू-१९ विश्वकप ट्रफी उचाल्दा ब्याटिङमा त्रिशाले उत्कृष्ट प्रदर्शन गरेकी थिइन्। विशेषतः उनले फाइनलमा अलराउन्ड प्रदर्शन नै गरेकी थिइन्। ब्याटिङ गर्ने क्रममा उनले ३३ बलमा ४४ रनको योगदान गरिन्। साथै, बलिङ इनिङ्समा उनले १५ रन खर्चेर दक्षिण अफ्रिकाविरुद्ध तीन विकेट लिइन्। यसै असाधारण प्रदर्शनका कारण उनी प्रतियोगिताकै म्यान अफ दी सिरिज भइन्। आइसिसीको ड्रिम ११ मा त्रिषा ओपनरका रूपमा रहेकी छिन्।

२. जेमा बोथा (द.अफ्रिका)

रन: १०५, **औसत** : २६.२५, **उच्च** : ३७

आइसिसीको ड्रिम ११ मा त्रिषाको ओपनिङ जोडीका रूपमा दक्षिण अफ्रिकाकी जेमा रहेकी छिन्। जेमाले सेमिफाइनलमा अस्ट्रेलियाविरुद्ध विस्फोटक ब्याटिङ गरेकी थिइन्। दक्षिण अफ्रिकाले १०६ रनको लक्ष्य पछ्याउँदा उनले २४ बलमा ३७ रनको योगदान गरिन्। जसमा चार चौका र दुई छक्का उनले प्रहार गरेकी थिइन्।

३. डाभिना पेरिन (इंग्ल्यान्ड)

रन: १७६, **औसत** : ३५.२०, **उच्च** : ७४

योपटक इंग्ल्यान्डले फाइनल स्थान बनाउन सकेन। तर, उसका शीर्ष क्रमका खेलाडी निकै चलेका थिए। डाभिनाले प्रत्येक खेलमा इंग्ल्यान्डका लागि गतिलो योगदान दिइन्। क्रिजमा आक्रामक रूपमा प्रस्तुत हुने उनले अमेरिकाविरुद्ध दमदार प्रदर्शन गरेकी थिइन्। डिभानाले अमेरिकाविरुद्ध केबल ४५ बलमा ७४ रनको योगदान गरेकी थिइन्। आइसिसीको टोलीमा उनले तेस्रो क्रम ब्याटिङ जिम्मेवारी पाएकी छिन्।

४. कामालिनी जी (भारत)

रन: १४३, **औसत** : ३५.७५, **उच्च** : ५६

भारतकी कामालिनीले कहिले पनि ओपनिङ गरेकी छैनन्। तर, उनको क्षमताअनुसार सहजै ओपनिङ पनि गर्न सक्छिन्। कामालिनीलाई मनपर्ने स्थान नै मध्यक्रम हो। उनले सेमिफाइनलमा साबिक उपविजेता इंग्ल्यान्डविरुद्धको ५६ रन बनाउँदा भारतले लगातार दोस्रोपटक फाइनल स्थान सुरक्षित गरेको हो। स्कटल्यानडविरुद्ध भारतले १५० रनको फराकिलोअन्तरले जित निकाल्दा उनले अर्धशतकीय इनिङ्स खेलेकी थिइन्।

५. काओमिहे ब्राय (अस्ट्रेलिया)

रन: ११९, **औसत** : २९.७५, **उच्च** : ४५

आइसिसीको ड्रिम ११ मा अस्ट्रेलियाकी १५ वर्षीया काओमिहेले मध्यक्रम स्थान पाएकी छिन्। प्रतियोगिताको सेमिफाइनलमा दक्षिण अफ्रिकाविरुद्ध अस्ट्रेलियाबाट सर्वाधिक रन प्रहार गर्ने उनी मात्र हुन्। उनले ३६ रन बनाएकी थिइन्। ब्याटिङमा मात्र नभएर उनले अस्ट्रेलियाका लागि अलराउन्ड प्रदर्शन गरेकी थिइन्। काओमिहेले बलिङमा सात विकेट हात पारेकी थिइन्। उनलाई अलराउन्डर खेलाडीका रूपमा हेरिएको छ।

६. पूजा महतो (नेपाल)

रन: ७०, **उच्च** : २७, **बलिङ** : ९ विकेट, उत्कृष्ट ४/९

यू-१९ विश्वकपमा नेपालले १३औँ स्थान हात पारेको थियो। नेपाल सुपर ६ मा पुग्न नसके पनि कप्तान पूजाले असाधारण खेल प्रस्तुत गरेकी थिइन्। प्ले अफ चरणसम्म उनी प्रतियोगिताकै सर्वाधिक विकेट लिने बलर थिइन्। नेपालले प्रतियोगितामा एक मात्र जित निकाल्दा पूजाले नै उत्कृष्ट प्रदर्शन गरेकी थिइन्। एक किसिमले नेपालको आशा उनी मात्र थिइन्। उनले ब्याटिङ, बलिङ र फिल्डिङमा प्रेरणादायी प्रदर्शन गरेकी थिइन्। यसै कारण उनी अलराउन्डर खेलाडीका रुपमा आइसिसीको ड्रिम ११ मा स्थान बनाउन सफल भएकी हुन्। समूह चरणबाटै बाहिरिएका राष्ट्रबाट पूजाले मात्र आइसिसीको टोलीमा स्थान बनाएकी हुन्। उनले ब्याटिङमा ७० रन तथा बलिङमा नौ विकेट लिइन्।

७. कायला रेनेके (कप्तान), (द.अफ्रिका)

विकेट : ११, **औषत** : ६.२७, **उत्कृष्ट** ३/२

भारतले उपाधि जिते पनि आइसिसीको नजरमा आइसिसी ड्रिम ११ को नेतृत्व गर्न सक्ने खेलाडीका रूपमा दक्षिण अफ्रिकाकी कायला हुन्। प्रतियोतिगामा उनले प्रत्येक खेलमा जसो विकेट लिँदै दक्षिण अफ्रिकालाई दोस्रो प्रयासमै फाइनल स्थान पक्का गरिन्। यद्यपि, उपाधि भिडन्तमा भारतसँग नराम्रोसँग पराजित हुँदा दक्षिण अफ्रिकाका लागि कायलाले उत्कृष्ट प्रदर्शन गरिन्। उनले समग्रमा ११ विकेट लिइन्। उनको इकोनोमी ४.१४ रहेको छ। जुन प्रतियोगिताकै उत्कृष्ट मानिएको थियो। आवश्यक परेको वेला उनको ब्याटिङ चलेको थियो। यसको उदाहरण उनले सेमिफाइनलमा अस्ट्रेलियाविरुद्ध देखाइन्। सो खेलमा उनले २६ रनको योगदान दिइन्।

८. काटिए जोनेस (विकेटकिपर), (इंग्ल्यान्ड)

आउट : ९ (२ क्याच, ७ स्टम्पिङ)

आइसिसीको ड्रिम ११ मा विकेटकिपिङ जिम्मेवारी इंग्ल्यान्डक जोनेसले पाइन्। विकेट पछाडि उभिएर उनले विपक्षी खेलाडीहरूलाई सहज रन लिन दिइनन्। विकेट किपरका रुपमा असाधारण प्रदर्शन गरेकी जोनेसले नौ ब्याट्सम्यानलाई आउट गरिन्। यसक्रममा उनले दुई क्याच समेत लिइन्। सात विपक्षी ब्याट्सम्यान लामो सट प्रहार गर्न अगाडि आउँदा उनले स्टम्पिङ गर्न सफल भइन्। न्युजिल्यान्डविरुद्धको एक खेलमा उनले चार स्टम्पिङ र एक क्याच लिएकी थिइन्।

९. आयुसी शुक्ला (भारत)

विकेट: १४, **इकोनोमी** : ३.०१, **उत्कृष्ट** ४/८

यसपटक भारतको बलिङ आक्रमण बलियो हुनुको पछाडि आयुसीको प्रदर्शन पनि थियो। भारत अपराजित रही उपाधि रक्षा गर्दा आयुशीले प्रतियोगिताको प्रत्येक खेलमा विकेट लिन सफल भइन्। आइसिसीको टोलीमा उनले ओपनिङ बलिङ जिम्मेवारी पाएकी छिन्। प्रतियोगितामा उनले स्कटल्यान्डविरुद्ध आठ रन खर्चेर चार विकेट लिएकी थिइन्। उनले विश्वकपमा १४ विकेट लिइन्। यसैगरी, फाइनलमा उनले दक्षिण अफ्रिकाविरुद्ध नौ रन खर्चेर महत्त्वपूर्ण दुई विकेट हात पारिन्।

१०. चामोदी प्रावाडा (श्रीलंका)

विकेट: ९, **इकोनोमी** : ३.८०, **उत्कृष्ट** ३/५

आइसिसी यू-१९ विश्वकपमा प्रभावशाली प्रदर्शन गर्ने खेलाडीमा श्रीलंकाली चामोदी पनि हुन्। बायाँहाते स्पिनर यी खेलाडीले श्रीलंकाबाट चारै खेलमा सहभागी हुँदै विकेट लिइन्। उनले मलेसियाविरुद्ध तीन विकेट लिन पाँच रन मात्र खर्चेकी थिइन्। यसैगरी, बलियो प्रतिद्वन्द्वी वेस्ट इन्डिजसँगको प्रतिस्पर्धामा उनले तीन विकेट लिन १६ रन खर्चेकी थिइन्। आइसिसीको ड्रिम ११ मा प्रमुख स्पिनरमा उनी रहेकी छिन्।

११. वैष्णवी शर्मा (भारत)

विकेट: १७, **इकोनोमी** : ४.३६, **उत्कृष्ट** ५/५

विश्वकपकै उत्कृष्ट बलिङ रेकर्ड राखेकी भारतीय वैष्णवीले मलेसियाविरुद्ध असाधारण प्रदर्शन गरेकी थिइन्। उनले पाँच रन दिएर मलेसियाका पाँचै खेलाडीलाई आउट गरी सनसनी मच्चाएकी थिइन्। बायाँहाते स्पिनर वैष्णवीले मलेसियासँगको खेल ह्याट्रिकसमेत गरिन्। स्पिनर खेलाडीका रूपमा उनले भारतको बलिङ नेतृत्व गरेकी थिइन्।

– **श्रीलोचन राजोपाध्याय** एजेन्सीको सहयोगमा

खेल संक्षेप

रोयल थिम्पु सेमिफाइनलमा

धरान/ भुटानको थिम्पु कलेजले इटहरीको राष्ट्रिय जागृति क्लबलाई ४-१ को गोलअन्तरले हराउँदै २५औँ अन्तर्राष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान पक्का गरेको हो। भुटान प्रिमियर लिग खेल्ने रोयल थिम्पुले फाइनल प्रवेश खेलमा अब चर्च ब्वाइज युनाइटेडसँग प्रतिस्पर्धा गर्नेछ। प्रतिस्पर्धामा जागृति युवाले रोयल थिम्पुविरुद्ध कुनै पनि समयमा दबाब कायम राख्न सकेन। उत्कृष्ट फर्ममा रहेको रोयल थिम्पुका खेलाडीले जागृतिमाथि पोस्ट चार्ज गरेका थिए। तीन विदेशी खेलाडीसहित मैदानमा उत्रिएको जागृतिको तुलनामा पाहुना टोली शारीरिक रूपमा बलियो देखिन्थ्यो। मैदानमा भुटानका युवा खेलाडीले टेक्निकल्ली राम्रो खेल प्रदर्शन गरेका थिए। प्रतियोगिताको मंगलबार अन्तिम क्वार्टरफाइनल खेल साबिक विजेता न्युरोड टिम (एनआरटी र काकडभिट्टा फुटबल ट्रेनिङ सेन्टरबिच हुनेछ।

अमेरिकामा भूपेन्द्रलाई दुई स्वर्ण

काठमाडौं/ नेपालका भूपेन्द्र गुरुङले ब्याटल अफ ड्र्यागन्स विश्व च्याम्पियनसिपमा दुई स्वर्ण जितेका छन्। अमेरिकाको एटलान्टिक सिटीस्थित ट्रोपिकानो होटेलमा भएको प्रतियोगितामा उनले फरक स्पर्धामा दुई स्वर्ण जितेका हुन्। उनले कुंफु फम्सको छान छ्वान र म्युजिकल फम्सको ताइचीमा स्वर्ण जितेका हुन्। नेपाल, क्यानडा, मेक्सिको, इजरायल, रोमानिया, बहमास, बंगलादेश, भारत, क्युबासहित अमेरिकाका विभिन्न २० मार्सल आर्ट्स स्कुलका तीन सयजना खेलाडीले प्रतिस्पर्धा गरेका थिए।

आयोजक सहारा पुलिसविरुद्ध भिड्ने

कास्की/ २४औँ आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता मंगलबारबाट सुरु हुँदै छ। पोखरा रंगशालामा आयोजक सहाराले नेपाल पुलिस क्लबको सामना गर्दै छ। सहारा क्लब पोखराको आयोजना तथा हिमश्री फुड्स प्रालिको मुख्य प्रायोजनमा हुने गोल्डकपको फाइनल ३ फागुनमा हुनेछ। स्वदेशी नौ र तीन विदेशी गरी गोल्डकपमा १२ टोलीले प्रतिस्पर्धा गर्ने आयोजक क्लबका अध्यक्ष केशवराज बरालले बताए।

फेरिल्यान्ड बास्केटबल आजदेखि

काठमाडौं/ फेरिल्यान्ड इन्टरनेसनल स्कुलको आयोजनामा प्रथम फेरिल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिता मंगलबारदेखि हुने भएको छ। प्रतियोगितामा विभिन्न २० विद्यालयका २४ टिमको सहभागिता रहने फेरिल्यान्डका संस्थापक प्रिन्सिपल विष्णुचन्द्र अधिकारीले जानकारी गराए। जुनियर पुरुष र महिलामा समान १२ टोलीले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गर्ने फेरिल्यान्डका बास्केटबल प्रशिक्षक नारायण खवासले जानकारी दिए।

वान डे एकेडेमीको सहज जित

काठमाडौं/ काठमाडौं जिल्ला छनोट क्रिकेट प्रतियोतिगामा मंगलबार वान डे क्रिकेट एकेडेमीले हिमालयन क्रिकेट एकेडेमी 'बी' लाई ५७ रनले हराएको छ। मूलपानी क्रिकेट मैदानमा पहिलो ब्याटिङ गरेको वान डे क्रिकेटले २० ओभरमा नौ विकेट गुमाएर १२३ रन बनाएको थियो। वान डे क्रिकेटका लाग विश्वास खत्रीले २६ बलमा २९ रन तथा नीरज ओलीले ३० बलमा २५ रन बनाए। हिमालयनका लागि सुमन विश्वकर्माले ११ रन खर्चेर चार विकेट लिएका थिए। प्रत्युत्तरमा हिमालयनले १३ ओभरमा सबै विकेट गुमाएर ६६ रन मात्र बनाएको थियो। हिमालयनका लागि अभिषेक बुढाएरले ३६ बलमा ३० रन जोडेका थिए। वान डे क्रिकेटका मानी गैरेले घातक बलिङ गरी १३ रनमा पाँच विकेट लिएका थिए।

अत्तरियाको सहज जित

धनगढी/ धनगढीमा चलिरहेको अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगितामा डडेल्धुरा र अत्तरियाले लगातार दोस्रो जित निकालेका छन्। फाप्ला क्रिकेट मैदानमा सोमबार डडेल्धुराले बोस्टन क्रिकेट झापाविरुद्ध ७७ रनको फराकिलो अन्तरले जित निकाल्यो। अर्को खेलमा सिवाइसी अत्तरियाले क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौंलाई ८६ रनले पराजित गरेको छ।

नबिल बैंक लिमिटेड, सानेपा शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/१०/२२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/०७/०४ मा दर्ता नं. ७७०९७/०६७/०६८ अन्तर्गत दर्ता भएको **लाङ्गटाङ्ग इन्फो प्रा.लि.।**
ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. २९, काठमाडौं।

ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण

१. जिवनाथ लोहनीको नाति शिवनाथ लोहनीको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. २७-०१-७६-००७९६ (जारी मिति: २०७६/०१/२५, स्थान काठमाडौं) भएका **देबेन्द्र नाथ लोहनी।**
२. जनार्दन रेग्मीकी छोरी नारायण प्रसाद दुवाडीकी बुहारी वद्री प्रसाद दुवाडीकी श्रीमती चितवन जिल्ला कुमरोज गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ३५१००२/२५५ (जारी मिति: २०६८/०२/२६, स्थान चितवन) भएकी **सुष्मा दुवाडी।**
३. गोपीनाथ लोहनीको नाति जिवनाथ लोहनीको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. १३९५ (जारी मिति: २०२८/०८/१७, स्थान ललितपुर) भएका **शिव नाथ लोहनी।**
४. भीमनाथ दुवाडीको नाति नारायण प्रसाद दुवाडीको छोरा चितवन जिल्ला कुमरोज गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. १० बस्ने, ना.प्र.नं. ११६१/०४४ (जारी मिति: २०५५/०८/०६, स्थान चितवन) भएका **वद्री प्रसाद दुवाडी।**
५. शशि नाय प्याकुटेलकी छोरी जिवनाथ लोहनीकी बुहारी शिव नाथ लोहनीकी श्रीमती काठमाडौं जिल्ला ठमेल न.पा. वडा नं. ०७ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. ०७ बस्ने, ना.प्र.नं. ५३३०/४३४७ (जारी मिति: २०३२/०९/२१, स्थान काठमाडौं) भएकी **उमा लोहनी।**
६. दल बहादुर गुरुङकी छोरी शिव नाथ लोहनीकी बुहारी देबेन्द्र नाथ लोहनीकी श्रीमती काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १५ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं. ०७ बस्ने, ना.प्र.नं. १८५६८/४३५७३ (जारी मिति: २०५०/११/२२, स्थान काठमाडौं) भएकी **सिता गुरुङ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०७ बस्ने, **शिव नाथ लोहनी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ०७ नक्सा सिट नं. १०२१०६७०९ मा अवस्थित कि.नं. ३३२ क्षेत्रफल १-०-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
इटहरी, सुनसरी ,कोशी प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति:२०८१/१०/२२

यस कार्यालयबाट मिति २०८१।०९।०३ र २०८१।०९।१० गते PPMO को E-Procurement Portal मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीतपूर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तालिकामा उल्लेख भएका बोलपत्रदाताको बोलपत्र न्यून मूल्यांकित र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतीका लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) मा भएको व्यवस्था बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क (VAT & PS बाहेक)	सि. नं.	ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क (VAT & PS बाहेक)
१	LIDPOITH/NCB/ W/2081-082/77	Balali Nirman Sewa, sankhuwasabha	8375250.00	१६	LIDPOITH/NCB/ W/2081-082/93	BPD Nirman Sewa, Panchthar	7145289.00
२	LIDPOITH/NCB/ W/2081-082/78	Aalok Builders and Suppliers, Bhaktapur	7205504.00	१७	LIDPOITH/NCB/ W/2081-082/94	BPD Nirman Sewa, Panchthar	5782556.80
३	LIDPOITH/NCB/ W/2081-082/79	Siddheshwori Nirman Sewa, Sankhuwasabha	3412104.00	१८	LIDPOITH/NCB/ W/2081-082/95	Idesh Construction Pvt. ltd., kathamandu	6299563.20
४	LIDPOITH/NCB/ W/2081-082/80	Balali Nirman Sewa, sankhuwasabha	7001068.00	१९	LIDPOITH/NCB/ W/2081-082/96	P and A construction, solukhumbu	5864110.00
५	LIDPOITH/NCB/ W/2081-082/81	S.B.BARAL CONSTRUCTION & SUPPLIERS PVT.LTD., Kathmandu	4410658.38	२०	LIDPOITH/NCB/ W/2081-082/97	angbuhang construction, taplejung	4909544.00
६	LIDPOITH/NCB/ W/2081-082/82	R N Construction, Ilam-08	7102496.20	२१	LIDPOITH/NCB/ W/2081-082/98	Sanba Construction,Taplejung	4759654.00
७	LIDPOITH/NCB/ W/2081-082/83	EARTHCON CONSTRUCTION & CONSULTANCY, DHANUSHA	5349610.00	२२	LIDPOITH/NCB/ W/2081-082/99	Phawakhola Nirman Sewa, Morang	4921804.90
८	LIDPOITH/NCB/ W/2081-082/84	Bidur Nirman Sewa Pvt. Ltd., Bhojpur	4893952.00	२३	LIDPOITH/NCB/ W/2081-082/100	Prinsa Nirman Sewa, Morang	5521092.40
९	LIDPOITH/NCB/ W/2081-082/85	Mukul Nirman Sewa, Bhojpur	5244036.00	२४	LIDPOITH/NCB/ W/2081-082/101	Sirijangha nirman sewa, Taplejung	2627000.00
१०	LIDPOITH/NCB/ W/2081-082/87	New Sanjeev Nirman Sewa, Panchthar	5766612.80	२५	LIDPOITH/NCB/ W/2081-082/102	A.P Builders, Taplejung	5378418.00
११	LIDPOITH/NCB/ W/2081-082/88	New Sanjeev Nirman Sewa, Panchthar	6013581.40	२६	LIDPOITH/NCB/ W/2081-082/103	Kechhang Nirman and Suppliers, Bhaktapur	2215450.00
१२	LIDPOITH/NCB/ W/2081-082/89	New Sanjeev Nirman Sewa, Panchthar	3517323.90	२७	LIDPOITH/NCB/ W/2081-082/104	A.P Builders, Taplejung	5733513.00
१३	LIDPOITH/NCB/ W/2081-082/90	ANUGRAHA NIRMAN SEWA, Phidim-6	5927663.60	२८	LIDPOITH/NCB/ W/2081-082/105	BPD Nirman Sewa, Panchthar	7629617.08
१४	LIDPOITH/NCB/ W/2081-082/91	R N Construction, Ilam-08	7342394.20	२९	LIDPOITH/NCB/ W/2081-082/106	Sarooj Nirman Sewa, Sunsari	6358300.83
१५	LIDPOITH/NCB/ W/2081-082/92	Singer Nirman Sewa Pvt.Ltd., panchthar	5095718.10	३०	LIDPOITH/NCB/ W/2081-082/107	Niwa Nirman Sewa and Suppliers Pvt.Ltd., Pachthar	5547299.93

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com